

नाम : भिक्षु सुजनकीर्ति

जन्मस्थान : चन्द्रागिरि न.पा.-१२,
बलम्वु, काठमाडौं

माता/पिता : देवमाया/श्रीलाल महर्जन

शिक्षा : एम.ए. बुद्धिज्म, महाचुलालंकार, थाईल्याण्ड
एम.ए. समाजशास्त्र, स्कटल्याण्ड

श्रामणेर : नगरमण्डप श्रीकीर्ति विहार, कीर्तिपुर
(१९९८ ई.सं.)

भिक्षु : वाटपाकनाम विहार , बैंकक, थाईल्याण्ड
(२००० ई.सं.)

हाल : **Varapunya Meditation Centre, Aberdeen, Scotland, U.K.**

## प्रकाशित कृतिहरू

<u>नेपाली भाषा</u>

बैशाख पूर्णिमा : बुद्ध पूर्णिमा
बुद्ध धर्मको मूल सार, नेवारी परम्परा अनुसार दाहसंस्कार,
मंगल : छोटो परिचय
सुनामी, बुद्धधर्मको सार, बुद्ध धर्ममा दानको महिमा

<u>**English Language**</u>

**Meditation : Buddhims in Practice**
**Meditation Guidance**
**Introduction to Vassa and Kathina Ceremony**
**Kalyān Mettācitta**
**Your Questions My Answers**
**The Short History of Punjab Buddhist Society**
**The Chanting book (Edit)**
**Odds and Ends (Edit)**
**Insight into Buddhist Meditation (Edit)**
**The history of Buddhism in Nepal**

<u>**Thai Language**</u>

**The History of Buddhism in Nepal**

Dhamma.Digital

# जन्मदिनका बुद्धहरू

## (जन्मबार अनुसार गरिने पाठहरू)



## भावानुवाद
## भिक्षु सुजनकीर्ति

Downloaded from http://www.dhamma.digital

# जन्मदिनका बुद्धहरू

## (जन्मबार अनुसार गरिने पाठहरू)

भावानुवाद

भिक्षु सुजनकीर्ति

Downloaded from http://www.dhamma.digital

पुस्तक : जन्मदिनका बुद्धहरू (जन्मबार अनुसार गरिने पाठहरू)

भावानुवाद : भिक्षु सुजनकीर्ति

प्रकाशक
अनागारिका मुदिता, प्रणिधिपूर्ण महाविहार,
चन्द्रागिरि-१२, बलम्बु, काठमाडौं

बु.सं. : २५६१
ने.सं. : ११३८
वि.सं. : २०७४ माघ १४ गते
ई.सं. : २०१८ जनवरी २८

प्रथम संस्करण : ५०० प्रति

# धर्मदान

सर्वाधिक : भावानुवादकमा सुरक्षित

कम्प्युटर टाईपिङ्ग, सेटिङ्ग : सुरेश नकर्मी, गुर्जुधारा

मुद्रण : डट्स प्रिन्टिङ्ग हाउस
पिन्छैँ-७, ललितपुर

Downloaded from http://www.dhamma.digital

# विषयसूची


| | |
|---|---|
| शुभकामना | |
| समर्पण | |
| प्रकाशकीय | क |
| भूमिका | घ |
| जन्मदिनका बुद्धहरू | १ |
| आईतबार (अवलोकित मुद्रा) | ५ |
| सोमबार (ञातमित्त मुद्रा वा व्याधि मुक्त मुद्रा) | ९ |
| मंगलबार (शयनासन मुद्रा) | १३ |
| बुधबार (भिक्षाटन मुद्रा) | १९ |
| बिहीबार (ध्यानासन मुद्रा) | २३ |
| शुक्रबार (शोकासन मुद्रा) | ३१ |
| शनिबार (छत्रे नागसमाधि मुद्रा) | ३७ |
| राहु (पालेलैय्य बुद्ध प्रतिमा) | ४२ |
| केतु (पदमासन ध्यान साधना मुद्रा) | ५० |
| बुद्धपूजा र परित्राणको आनिशंस | ५४ |
| बुद्धपूजा र परित्राणको आनिशंस कथा | ५४ |
| बुद्ध प्रतिमा प्रतिस्थापन | ५६ |
| पूजा सामान | ५६ |
| सम्बुद्धे गाथा | ५८ |
| पठ्ठानपच्चयुद्देसपालि | ५८ |


Downloaded from http://www.dhamma.digital

जि.प्र.का.द.नं. : ५११/२०५५/०५६ फोन नं. : ४-३१०५९२

# प्रणिधि पूर्ण महाविहार

चन्द्रागिरि न.पा.-१२, बलम्वु, काठमाडौं

प.स. :
च.नं. :

मिति : ........................

# शुभकामना

वि.सं. २००४ सालमा स्थापना भएको यो विहार ऐतिहासिकता बोकेको विहार हो। विभिन्न कालखण्डमा विभिन्न प्रकारका समस्याहरूको सामना गर्दै यहाँसम्म आइपुगेको यो विहारले सहयोगी उपासक उपासिकाहरू पाएकोमा गर्वको महशुश गरेको छ। तर पनि कार्य गर्दा आउने समस्यालाई सरल र सहज ढङ्गले गर्न रुचाउनु हुने अनागारिका मुदिताले विहारले आयोजना गर्ने धार्मिक कार्यक्रमहरूमा पनि सक्रियपूर्वक आफ्नो कर्तव्य पूरा गर्नुभएको मैले पाएको छु।

विगत ३ दशकभन्दा बढी समय यस विहारमा व्यतित गर्नु भएका अनागारिका मुदिताले 'जन्मदिनका बुद्धहरू' नामक पुस्तक प्रकाशनको जिम्मा लिनु भएको कुरा थाहा पाउँदा अति नै हर्ष लागेको छ।

कुन बार जन्मेको मानिसले कुन विधि अनुसार कुन गाथा पढ्ने भनेर स्पष्ट व्याख्या गरेको हुनाले 'जन्मदिनका बुद्धहरू' नामक पुस्तक नेपाली बौद्ध समाजको लागि अति उपयोगी हुने अपेक्षा गरेको छु। नेपालमा यस प्रकारका पुस्तकहरू प्रकाशन गरेर अनागारिका मुदिताले एउटा प्रशंसनीय कार्य गर्नु भएको छ। उहाँको मंगल र कल्याणको कामना गर्दछु।

उहाँलाई धेरै धेरै साधुवाद !

भवतु सब्ब मंगलं।

............................

भिक्षु सुख
विहार प्रमुख/अध्यक्ष
प्रणिधि पूर्ण महाविहार
२०७४ माघ २

Downloaded from http://www.dhamma.digital

# समर्पण

जब हामी आमाको गर्भमा जन्म लिन आयौं, त्यसबेलादेखि अनन्त, अप्रमाण, शारीरिक र मानसिक दुःख, कष्ट भोग गरेर संसारमा दुःख मध्ये एउटा असह्य पीडादायी दुःख 'प्रसव वेदना' सहन गरी आफूले नखाइकन मातृ वात्सल्यताले आफ्ना सन्तानलाई पालन पोषण गर्नुपर्छ भनेर हाम्रो लागि रातदिन नभनी अति नै दुःख भोग गर्नु हुने महाब्रह्मासँग भएको मैत्री, करुणा, मुदिता र उपेक्षा गुणले परिपूर्ण, अनन्त गुणवान माता सानुमाया र पिता बाबुलाल महर्जनको निर्वाण कामना गर्दै यो पुस्तक उहाँहरु प्रति समर्पण गर्दछु ।




पिता स्व. बाबुलाल महर्जन
जन्म : १९९३ श्रावण २८
दिवंगत : वि.सं. २०५९ जेष्ठ २०

माता स्व. सानुमाया महर्जन
जन्म : वि.सं. १९९३ भाद्र ३०
दिवंगत : वि.सं. २०७१ माघ १४

Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय

प्रणिधिपूर्ण महाविहार ऐतिहासिकता बोकेको विहार हो । राणाकालमा भिक्षुहरूलाई देश निकाला गरेको समयमा बलम्वु गाउँमा भिक्षुहरूलाई बास दिइएको प्रणिधिपूर्ण महाविहारको इतिहास नामक पुस्तकमा उल्लेख गरिएको पाईन्छ । यो विहारको स्थापना भिक्षु प्रज्ञानन्द महास्थविरले वि.सं. २००४ सालमा गर्नु भएको थियो । चन्द्रागिरि नगरपालिका वडा नं. १२, बलम्वुमा अवस्थित यस विहारले लामो समयदेखि सामाजिक कामका साथै बुद्ध धर्मको प्रचार गरिरहेकोले स्थानीय उपासक उपासिकाहरूमा बुद्ध धर्मप्रति झुकाव भएको देखिन्छ ।

म सानो हुँदादेखि नै बुबा आमा विहारमा जानुहुन्थ्यो । म पनि बाबु आमाको हात समाएर विहार गएको याद छ । तर पनि १२-१३ वर्षको हुँदादेखि साथीहरूसँग प्रणिधिपूर्ण महाविहार जान थालेको चाहिँ स्पष्ट सम्झना छ । विहारमा भन्ते गुरुमाँहरूले माया गरेर बौद्ध परियत्ति शिक्षा पढाउनु हुन्थ्यो । त्यत्तिबेला महिलालाई पढाउनु हुन्न भन्ने अन्धविश्वास धेरै थियो । मैले प्रवज्या ग्रहण गरेको समयसम्म पनि महिलाले पढ्नु हुँदैन । पढेर के काम ? भन्ने सोच व्यापक थियो । घरमा पनि बुबा आमाले घरको काम नगरिकन किन विहारमा परियत्ति पढ्न जानु पर्ने ? भन्नु हुन्थ्यो । तर पनि बुद्ध, धर्म र संघप्रतिको श्रद्धाले गर्दा पढाईलाई निरन्तरता दिंदै विहारमा हुने काममा पनि सहयोग गर्दै गएँ ।

परियत्ति कै प्रभावले होला, मैले वि.सं. २०४० सालमा थाइल्याण्डका फ्रा सिरीवण्णो भिक्षुको उपाध्यायत्त्व र अनागारिका करुणा गुरुमाँको गुरुत्त्वमा प्रणिधिपूर्ण महाविहारमा प्रवज्या ग्रहण गरें । प्रवज्जित भईसकेपछि करूणा र मैत्री चित्तले गर्दा घरमा पनि सकारात्मक सन्देश गयो र घरपरिवार सबैले प्रवज्जित जीवनलाई स्वीकार गर्‍यो । प्रवज्या ग्रहण गर्नुभन्दा अघि नै बुद्ध धर्म सम्बन्धी ज्ञान पाएको हुनाले शुरुका दिनमा प्रवज्जित जीवन त्यति अप्ठ्यारो महशुस भएन ।

प्रवज्जित भएको केही समय पश्चात यस विहारमा परियत्ति सञ्चालन गर्नु भएका श्रद्धेय भिक्षु मैत्रीले मलाई श्रीलंकामा बौद्ध अध्ययनका लागि लानुभयो । म श्रीलंका गएर पढ्न गएँ । गुरुहरूको सानिध्यमा बसेर पालि भाषामा बौद्ध शिक्षा पढें । पढाईले मलाई नयाँ उर्जा प्रदान गरेको थियो । नयाँ नयाँ कुराहरू सिक्ने मौका मिलेको थियो । मैले सिकेका कुरा र पाएको ज्ञानलाई



Downloaded from http://www.dhamma.digital

आफ्नै देशमा प्रचार गर्नुपर्छ भन्ने भाव मनमा उत्पन्न भएर म श्रीलंकाबाट नेपाल फर्कें । नेपाल फर्केपछि आफू प्रवज्जित भएको स्थानीय प्रणिधिपूर्ण महाविहारमा बसेर धार्मिक प्रचार प्रसारको लागि काम गर्न थालें । यसै क्रममा परियत्ति शिक्षाको विकास हेतु प्रत्यक्ष सहभागी भई सहयोग गर्दै आएको छु । परियत्ति शिक्षाका बाबजुद पनि विहारले सञ्चालन गर्ने विभिन्न धार्मिक तथा सामाजिक कार्यक्रमहरूमा सक्रिय सहभागी भई सहयोग पनि गर्दै आएको छु । तर पनि मनमा पलाएका धार्मिक आस्था र विश्वासलाई अझ व्यापक प्रचार प्रसार गर्ने सोच आई नै रह्यो ।

वास्तवमा घर परिवारबाट अलग्ग रहि अनागारिका जीवन बिताए पनि विहारमा बसेर स्थानीय उपासक उपासिकाहरूलाई धर्मको कुरा सिकाउन पाउँदा अति हर्ष हुन्छ । साथै पूर्वजन्मको पुण्यको कारणले होला विरामी हुँदा आमाबुबाको सेवा टहल गरी हेरचार गर्ने मौका पाएँ । हाल आमाबुबाहरू दिवंगत हुनु भई सक्नु भयो तर पनि उहाँहरूको देनलाई बिर्सन सकेको छैन । उहाँहरूले मलाई जहिल्यै पनि सकारात्मक उर्जा प्रदान गर्नुभयो । उक्त कार्यलाई मैले प्रायः स्मरण गर्ने गरेको छु ।

सन् २०१७ जुलाईमा भिक्षु सुजनकीर्तिको निमन्त्रणामा म तीन महिनाको लागि बेलायतको स्कटल्याण्ड गएको थिएँ । बिरानो देशमा एक्लै गएकी थिएँ । मनमा अति डर थियो । तैपनि आँट गरेरै गएँ । नभन्दै एयरपोर्टमा मैले बाटो बिराएँ । म घरि यता घरि उता गरिरहें । म त्यसरी यताउता गरिरहेको एक जना मान्छेले हेरिरहेको रहेछ । उक्त मान्छेले मलाई के भयो भनेर सोध्यो । मैले बाहिर जाने बाटो थाहा भएन भनें । उसले बाहिर जाने बाटो देखाइ दियो र मैले उसलाई धन्यवाद दिएर त्यहाँबाट बाहिर निस्के । भिक्षु सुजनकीर्ति र अन्य उपासक उपासिकाहरू मलाई लिन एयरपोर्ट बाहिर बसिराख्नु भएको रहेछ । ओहो ! उहाँहरुलाई देख्ने बित्तिकै मन हलुङ्गो भयो । त्यसपछि बिहारमा गयौं । नेपालमा जस्तै दैनिक ध्यानभावना, बुद्धपूजा र धर्मदेशना हुने रहेछ । त्यहाँ पनि प्रत्येक दिन धार्मिक छलफल हुने रहेछ । धेरै खुशी लाग्यो ।

एकदिन भिक्षु सुजनकीर्तिसँग धर्म साकाच्छा भइरहेको थियो । उहाँले बार अनुसार जन्मेका मानिसको बानी व्यहोरा बुझ्न सकिने थाई भाषाको पुस्तक देखाएर पुस्तकको बारेमा संक्षिप्त रूपमा व्याख्या गर्नुभयो । भिक्षु सुजनकीर्तिको व्याख्या गर्न सक्ने क्षमताले मात्र पुस्तक राम्रो भएको हो कि ? भन्ने पनि लाग्यो । त्यसैले एक पटक पढ्न मन लाग्यो । केहि दिनपछि उहाँले पुस्तकको



Downloaded from http://www.dhamma.digital

केहि अंश अनुवाद गरेर पढ्न दिनुभयो। पढिसकेपछि थाहा भयो कि साँच्चै राम्रो र महत्त्वपूर्ण पुस्तक रहेछ। मानिसको जन्म बार अनुसार कुन दिन जन्मेको व्यक्तिले कुन गाथा कसरी पाठ गर्ने, पाठ गर्नको लागि के के कुराको आवश्यकता हुन्छ अनि कुन बार जन्मेको मान्छेले कुन बुद्ध प्रतिमाको पूजा गर्ने जस्ता विविध कुराहरूको ज्ञान समेत प्रदान गरिएको पाएँ। अनि भिक्षु सुजनकीर्तिलाई पूरा पुस्तक अनुवाद गरिदिन बिन्ति गरेँ। मेरो आग्रहलाई सहर्ष स्वीकार्नु हुँदै भाषानुवाद जस्तो कठिन कार्यलाई पनि सरल तरिकाले छोटो समयमा नै थाई भाषाको पुस्तक नेपालीमा अनुवाद गरिदिनु भयो।

यो पुस्तक नेपाली समाजको लागि अति नै उपयोगी हुने विश्वास लिएको छु। किनभने नेपालमा अहिले पनि ठाउँ अनुसार फरक बुद्धमूर्तिहरू स्थापना गरेको देखिन्छ। तर ती मूर्तिहरूको विशेषता र महत्त्व धेरैलाई थाहा नभएको हुन सक्छ। यो पुस्तकले ती बुद्धमूर्तिहरूको विशेषता थाहा पाउन पनि सहयोग गर्ने अपेक्षा लिएको छु।

वास्तवमा भिक्षु सुजनकीर्तिले मलाई स्कटल्याण्ड निमन्त्रणा गर्नु भएर एक त विदेशमा बुद्ध धर्मको प्रचार प्रसार गर्ने तरिका अनि उपासक उपासिकाहरूको बारेमा बुझ्ने मौका प्रदान गर्नु भयो भने अर्को महत्त्वपूर्ण कुरा उहाँले मलाई "सब्ब दानं धम्म दानं जिनाति।" दानमध्ये सबैभन्दा ठूलो दान धर्म दान हो भन्ने भगवान बुद्धको वचनलाई चरितार्थ गर्ने शुभ अवसर प्रदान गर्नुभयो। उहाँ भिक्षु सुजनकीर्ति प्रति आभारी छु। उहाँलाई धेरै धेरै साधुवाद।

नेपाल फर्केर पुस्तकको रुप दिन टाइप गर्ने जिम्मा मैले सुरेश नकर्मीलाई दिएँ। उहाँले पनि आफ्नो कर्तव्यपालन गरी छोटो समयमा नै टाइप गर्ने काम पूरा गरी दिनुभयो। उहाँलाई पनि धेरै धन्यवाद।

अन्तमा, मातापिताको देनलाई आशिर्वादको रूपमा लिई यो पुस्तक प्रकाशनको प्रभाव र गरिएका पुण्य कर्मको प्रभावले माता सानुमाया र पिता बाबुलाल महर्जनले सद्गति प्राप्त गरी निर्वाणको हेतुसम्म प्राप्त गर्न सकोस भन्ने कामना गर्दै धर्मदान स्वरूप यो पुस्तक प्रकाशन गरेको छु। सबै सत्त्व प्राणीहरुको कल्याण होस्, मंगल होस्, सबै सुखी होऊन्।

भवतु सब्ब मंगलं।

अनागारिका मुदिता
प्रणिधिपूर्ण महाविहार
चन्द्रागिरि–१२, बलम्वु, काठमाडौं।



Downloaded from http://www.dhamma.digital

# भूमिका

हाम्रो जीवनमा विभिन्न प्रकारले भय विघ्न बाधाहरूले सताइराखेको हुन्छ । ती समस्याहरूलाई कहिले बलले जित्नु पर्छ त कहिलेकाहिँ बुद्धिले जित्नु–पर्छ । बल र बुद्धिले नभएमा शक्ति वा शासनले जित्नुपर्छ भने कहिलेकाहिँ समताभाव र मैत्री भावले जित्नु पर्दछ । यी विधिहरू बाहेक पनि कहिलेकाहिँ पुराना कर्मविपाकहरुले गर्दा पनि विविध परिस्थितिको सामना गर्नुपर्ने हुन्छ । हाम्रो जीवनमा कहिलेकाहिँ बुझ्नै नसक्ने गरी समस्याको समाधान गर्नुपर्ने हुन्छ । ती परिस्थितिहरूको सामना गर्नको लागि शास्त्रविद्हरूले विभिन्न प्रकारका पूजाआजा र विधिहरूबाट ग्रहहरूलाई शान्त गर्ने उपाय बताउनु भएको छ । त्यहि उपाय स्वरूप आफ्नो जन्मबार अनुसार मंगल बुद्धका प्रतिमाहरूको पूजाआजा गरेमा ग्रह शान्त हुने उल्लेख छ । यहि विश्वासले गर्दा बौद्धहरू आफ्नो जन्मबार अनुसार बुद्ध प्रतिमाको अगाडि बुद्धपूजा गर्ने गर्दछ ।

मैले थाई भाषामा लेखिएको एउटा सानो पुस्तक पढ्ने मौका पाएको थिएँ । पुस्तकमा बार अनुसार फरक फरक बुद्धमूर्तिहरुको व्याख्या गरिएको थियो । अनि मानिसहरुलाई समस्या पर्दा कुन बार जन्मेको हो सोही बार अनुसारको बुद्धमूर्ति अगाडि बसेर उल्लेखित सुत्रहरु विधिपूर्वक पाठ गरेमा समस्या समाधान हुने कुराहरु उल्लेख गरिएको थियो । मानिसहरुलाई उपयोगी हुने देखेर त्यो पुस्तक भाषानुवाद गर्ने मन थियो । तर विशेष कारणवश काम अघि बढिरहेको थिएन । तर वि.सं. २०७४ आषाढ महिनामा अनागारिका मुदिता गुरुमाँलाई स्कटल्याण्ड भ्रमणको लागि निमन्त्रणा गरेको थिएँ । उक्त निमन्त्रणालाई स्वीकार्दै वहाँ स्कटल्याण्ड आउनु भयो । धर्म साकाच्क्षाको समयमा मैले यो पुस्तकको विषयमा उल्लेख गरेको थिएँ । यो पुस्तकको विवरण सुनेर उहाँले – “हाम्रो नेपालमा यस्तो पुस्तक प्रकाशित भएको देखिंदैन । नेपाली भाषामा पनि यस्तो पुस्तक प्रकाशन गर्न पाए हुन्थ्यो ।” भन्नुभयो । तीन महिनाको लागि आउनु भएको गुरुमाँको मनसायलाई बुझेर मैले कोसेली स्वरूप दिने मनले दिनहुँ अनुवाद गर्न थालें । यसरी आधा पुस्तक अनुवाद गरिसकेपछि उहाँलाई पढ्न दिएँ । उहाँ धेरै खुशी हुनु भयो र नेपाल फर्केर प्रकाशन गर्ने कुरा व्यक्त गर्नुभयो ।



Downloaded from http://www.dhamma.digital

पुस्तक सरल भाषामा अनुवाद गर्ने प्रयास गरेको छु। तर पनि कहिंकतै केहि त्रुटी भएमा औंल्याई दिनु हुन पाठकबृन्दमा अनुरोध गर्न चाहन्छु। साथै यो पुस्तक प्रयोग गर्ने तरिका थाहा नहुन सक्ने सोचेर पुस्तकका बारेमा मैले केहि कुराहरू यहाँ राख्ने प्रयास गरेको छु।

सर्वप्रथम आफू कुन बार जन्मेको हो सोही अनुसार बुद्ध प्रतिमा चिन्नु पर्दछ। बुद्ध प्रतिमा चिनिसकेपछि  उक्त बुद्ध प्रतिमाको लक्षण र प्रवेश राम्रोसँग अध्ययन गर्नुपर्दछ। लक्षण र प्रवेश बुझिसकेपछि पूजा र पाठ गर्ने विधि अनुसार पाठ गर्नुपर्दछ। यदि जन्मबार थाहा छैन भने पालेलैघ्य बुद्ध प्रतिमालाई पूजा गर्नुपर्दछ।

अनुवादको क्रममा अझ राम्रो र सारमूलक बनाउनको लागि अन्य पुस्तकहरूको पनि सहारा लिएर छोटो समयमा तयार गरिदिन पाएँ। यसरी तयार भएको पुस्तकलाई सुरेश नकर्मीले छोटो समयमा नै टाइप तथा भाषामा शुद्धिकरण गरी प्रकाशनको लागि तयार गर्नु भएकोमा धेरै साधुवाद र अनुमोदन गर्न चाहन्छु।

यो सानो पुस्तक र यसको महत्त्वलाई बुझेर आफ्नो जन्मदिनको बार अनुसार श्रद्धापूर्वक पूजाआजा गरेर भय अन्तरायबाट मुक्त हुन सकोस्, सबैलाई सुखी होस्। सम्पूर्ण समस्याहरूबाट छुटकारा मिलोस्।

अन्तमा दुःख मुक्तिको मार्ग र फल प्राप्त गर्नुभई निर्वाणसम्म प्राप्त गर्न सकोस्।

Dhamma.Digital

भवतु सब्ब मंगलं।

भिक्षु सुजनकीर्ति
स्कटल्याण्ड



Downloaded from http://www.dhamma.digital

# जन्मदिनका बुद्धहरू

## प्रवेश

मानिसहरू जन्मँदा आफ्नो कर्म अनुसार फरक फरक समुदायमा जन्म लिन्छन् । फरक स्वभाव, फरक संस्कृति, फरक सम्प्रदाय, फरक भाषा अनि फरक रहन सहन । तर रोगव्याधि, विघ्नबाधा चाहिँ समान । समस्या चाहिँ समान । समस्याका विभिन्न कारणहरू मध्ये वातावरण परिवर्तन र नक्षत्रको परिवर्तन प्रमुख हो । समस्या आएपछि समाधानको उपाय खोजी गर्छन् । समस्या समाधानको सिलसिलामा मानिसहरू जुन सम्प्रदायमा जन्मिए, त्यही सम्प्रदायको रीतिरिवाज र चलन अनुसार फरक फरक ढङ्गले आफ्नो सुरक्षा र समाधानको लागि आफू अनुकूलका देवीदेवताको शरणमा गए । सोही अनुरूप थरीथरीका देवताहरू मान्न थाले । कसैले खोलानालालाई देवताको रूपमा पूजा गरे । कसैले ढुङ्गालाई आफ्नो रक्षकको रूपमा लिए । कसैले पहाडलाई देवता मानेर पूजा गरे । यहि शरणहरू कालान्तरमा धर्मको रूपमा स्थापना भयो र सम्प्रदायले जन्म लियो ।

नेपालमा जन्मनु भएका सिद्धार्थ गौतमले ६ वर्षसम्म निरन्तर दुःख र दुःखसँग सम्बन्धित विघ्नबाधाहरूको बारेमा अनुसन्धान र अभ्यास गर्नुभयो । तत्पश्चात ती शरणहरू क्षणिक हुन्, खाली मानसिक सन्तुष्टिका लागि मात्र हुन् । ती शरणहरूले कुनै ठोस अर्थ र निवारण दिन सक्दैन भन्ने ज्ञान प्राप्त गर्नुभयो र सोहि अनुसार सिकाउनुभयो । विगतका कर्महरूका कारणले नै बाधाअड्चनहरू फलको रूपमा हामीमा बज्रपात भएका हुन् भनि बुझाउनु भयो ।

दुःख, कष्ट, बाधा अड्चन आउनुका प्रमुख कारण अकुशल कर्म हो । अकुशल कर्मका कारण विभिन्न किसिमका समस्याहरू आउँछन् र आई नै रहन्छन् । तर पनि मानिसहरूलाई थाहा नभएर हो वा अन्य कुनै कारणले हो, समुदाय अनुसार फरक फरक ढङ्गले अस्थायी समाधानका अनेकौं उपायहरूको खोजी गर्छन् । तिनीहरू कर्मको फललाई त्यति महत्त्व दिंदैनन् । असल कर्मको फल राम्रो र खराब कर्मको फल नराम्रो नै हुन्छ । त्यसैले हामी आफैंले कुशल बाटोमा लागेर कर्मलाई सुधार गर्नु पर्दछ ।

आफूले गरेको कर्मको भागिदार स्वयम् आफैं हौं । कर्म नै हाम्रो आफन्त सरह छ । हामीहरू त्यहि कर्मको फल हौं । कर्म र कर्मफलको यो चक्र जीवनभर



Downloaded from http://www.dhamma.digital

चलिरहन्छ। उक्त चक्रलाई बुझेर असल कर्म सञ्चय गर्ने पथ तर्फ पाईला चाल्नु नै श्रेयस्कर देखिन्छ।

हामीहरू आज जे-जस्तो अवस्थामा छौं, त्यो सबै हामीहरूको पूर्व कर्मको फल हो। हाम्रो भविष्य कस्तो हुनेछ भनेर बुझ्नको लागि वर्तमानमा के गरिराखेका छौं भनेर चिन्तन मनन गर्नु जरूरी छ। त्यसैले भगवान बुद्धले हामीहरूलाई "भूत र भविष्यको विषयमा चिन्ता नलिई वर्तमानमा के गरिरहेका छौं भनेर बुझ्नु चिन्नु जरूरी छ" भन्नु भएको छ। यहाँ भूतकालको कुनै महत्त्व छैन भनिएको छैन। ती भूतकालको कर्मको आधारमा वर्तमान कालमा कसैले सुख र समृद्धि भोग गरिरहेका छन् भने कसैले दुःख, कष्ट भोग गरिरहेका छन्। केवल कर्म र कर्मको फल मात्र हो। विगतमा कुशल कर्म गर्नेले सुख, समृद्धि, येश, आराम प्राप्त गरिरहेका छन् भने अकुशल कर्म गर्नेले दुःख, कष्ट भोग गरिरहेका छन्। यसर्थ विगतमा गरेका कर्मको फलस्वरूप वर्तमान समयलाई बुझ्न सकिन्छ र वर्तमान समयको क्रियाकलाप हेरेर आउने दिनहरूको अड्कल लगाउन सकिन्छ।

उहिलेका बुज्रुक बुढापाकाहरूले कुशल कर्मको बाटो देखाउन विभिन्न उपायहरू गरेको देखिन्छ। अनेक ठाउँहरूमा चैत्य बनाएर होस् या बुद्धमूर्ति स्थापना गरेर होस् विशुद्ध कुशल कर्मको विकास हेतु काम गरेको देखिन्छ। समय र परिस्थिति अनुसार फरक स्थानमा फरक मूर्ति स्थापना गरेका छन्। कहिलेकाहिँ हामी भिन्न स्थानमा जाँदा फरक बुद्धमूर्ति देख्छौं। भगवान बुद्धको मूर्ति र मुद्रा त एउटै हुनु पर्ने हो तर मुद्रा फरक फरक छ भनि हामी अचम्म मान्छौं। त्यसरी किन फरक बनाएका होलान् ? ती मूर्तिहरूको विशेषता के होला ? भनि विचार पनि गर्छौं। यस्ता विचारहरू आउनु र मनमा कौतुहलता जाग्नु स्वभाविक पनि हो। आखिर ती मूर्तिहरूले हाम्रो जीवनसँग प्रत्यक्ष सरोकार राखेको देखिन्छ। फेरि जीवनले जन्मसँग सम्बन्ध राख्छ। जन्मको सम्बन्ध ऋतु र नक्षत्रसँग हुन्छ। नक्षत्रले हाम्रो जन्मदेखि मरणसम्म प्रत्यक्ष प्रभाव पारेको हुन्छ।

हामीहरूको जन्म फरक फरक दिनमा हुन्छ। कोहि आईतबार, कोहि सोमबार त कोहि शनिबार। त्यो फरक दिन वा बारमा जन्मेका मानिसको स्वभाव पनि फरक हुन्छ। कुनै मानिसको स्वभाव राम्रो हुन्छ भने कुनैको नराम्रो । राम्रो स्वभाव हुनेहरूको स्वभावलाई अझ राम्रो बनाउने र नराम्रो



Downloaded from http://www.dhamma.digital

स्वभाव भएकाहरूको बानीमा परिवर्तन ल्याई राम्रो बनाउने प्रयत्न स्वरूप यी मूर्तिहरूको प्रतिस्थापन गरेको देखिन्छ। जुन बार जन्मेको हो सोहि बार अनुसार बुद्धमूर्तिहरूको मुद्रा र त्यससँग सम्बन्धित निदान कथा र गाथाहरू त्यसदिन जन्मिने व्यक्तिको

विचार र चरित्रसँग मेलखाने गरी निर्माण गरेको देखिन्छ।

त्यसैगरी ती विघ्नबाधाहरूलाई हटाउनको लागि बारहरूसँग सम्बन्धित गाथाहरू पनि प्रस्तुत गरिएको छ। यदि कुनै व्यक्ति श्रद्धापूर्वक ती गाथाहरूलाई विधिवत् रूपमा उच्चारण गरी पूजा गर्ने गर्दछ भने उनी माथि पर्न सक्ने भय विघ्न र बाधाहरूबाट मुक्त हुनेछ। उसको जीवनमा सुख र शान्ति उत्पन्न हुनेछ। जीवन मंगलमय भई सफलता प्राप्त हुनेछ।

सात बार, राहु र केतु अनुसार बुद्धमूर्ति र मुद्राहरू निम्नानुसार छन्।

१. आईतबार : अवलोकित मुद्रा

२. सोमबार : ञातमित्त मुद्रा वा व्याधि मुक्त मुद्रा

३. मंगलबार : शयनासन मुद्रा

४. बुधबार : भिक्षाटन मुद्रा

५. बिहीबार : ध्यानासन मुद्रा

६. शुक्रबार : शोकासन मुद्रा

७. शनिबार : नाग छत्रे समाधि मुद्रा

८. राहु : पालेलैय्य बुद्ध मुद्रा

९. केतु : पदमासन ध्यान साधना मुद्रा



Downloaded from http://www.dhamma.digital

# आईतबार

# अवलोकित बुद्ध





Downloaded from http://www.dhamma.digital

# आईतबार
# अवलोकित बुद्ध प्रतिमा

## मुद्राको लक्षण

दुवै आँखा आधा खोलेको, दायाँ हात बायाँ हात माथि राखेर शान्त रूपमा उभिरहनु भएको ।

## प्रवेश

कठोर प्रयत्न पश्चात ३५ वर्षको उमेरमा राजकुमार सिद्धार्थले बोधिवृक्षमुनि अनुत्तर सम्येक् सम्बोधि ज्ञान लाभ गर्नुभयो । ज्ञान लाभ पश्चात उहाँलाई बुद्ध भनियो । ज्ञान प्राप्तपछि उहाँले ७ हप्तासम्म बोधिमण्डप वरिपरि विमुक्ति सुखमा बिताउनु भयो ।

त्यसैक्रममा एक हप्तासम्म उभिएर बोधिवृक्षलाई हेरेर बोधिवृक्षको गुणानुस्मरण गर्दै बिताउनु भयो । उक्त स्थानलाई अनिमिस्स चैत्य भनिन्छ । यसरी उहाँले आँखा नै बन्द नगरी सातदिनसम्म बोधिवृक्षलाई अवलोकन गर्नु भएको दृश्यलाई स्मरण गर्दै यो अवलोकित बुद्ध प्रतिमाको मूर्ति स्थापना गरिएको हो ।

रश्मीले भरिपूर्ण नेत्रद्वारा भगवान बुद्धले बोधिवृक्षको अवलोकन गर्नुभएकोले त्यसको आधारमा उहाँको प्रतिमालाई आईतबार जन्मेका मानिसहरूले पूजा गर्नु र गराउनु उत्तम मानिएको छ ।

यस दिन जन्मेका मानिसले अवलोकित बुद्ध प्रतिमाको अगाडि ६ पटक बुद्धानुस्मरण सहित मोर परित्त उच्चरण गरेमा जीवन सफल, सुखमय र भय विघ्नरहित हुने उल्लेख छ ।

## पूजा गर्ने विधि

१. ६ वटा धूप
२. उत्तर पूर्व दिशामा हेरेर मोर परित्र ६ पटक पाठ गर्ने ।



Downloaded from http://www.dhamma.digital

# गाथा

पुरेन्तं बोधि-सम्भारे, निब्बत्तं मोरयोनियं ।
येन संविहितारक्खं, महा-सत्तं वने-चरा ॥

चिरस्सं वायमन्तापि, नेव सक्खिंसु गण्हितुं ।
ब्रह्ममन्तन्ति अक्खातं, परित्तं तं भणाम हे ।

उदेत'यं चक्खुमा एक-राजा,
हरिस्सवण्णो पथविप्पभासो ।
तं तं नमस्सामि हरिस्सवण्णं पथविप्पभासं,
तयाज्ज गुत्ता विहरेमु दिवसं ॥१॥

ये ब्राह्मणा वेदगू सब्ब-धम्मे,
ते मे नमो ते च मं पालयन्तु ।
नमत्थु बुद्धानं नमत्थु बोधिया,
नमो विमुत्तानं नमो विमुत्तिया ।
इमं सो परित्तं कत्त्वा मोरो चरति एसना ॥२॥

अपेत'यं चक्खुमा एकराजा,
हरिस्सवण्णो पथविप्पभासो ।
तं तं नमस्सामि हरिस्सवण्णं पथविप्पभासं,
तया'ज्ज गुत्ता विहरेमु रत्तिं ।३॥

ये ब्राह्मणा वेदगू सब्बधम्मे,
ते मे नमो ते च मं पालयन्तु ।
नमत्थु बुद्धानं, नमत्थु बोधिया,
नमो विमुत्तानं, नमो विमुत्तिया ।
इमं सो परित्तं कत्त्वा, मोरो वासमकप्पयी'ति ॥४॥



Downloaded from http://www.dhamma.digital

# अर्थ

सर्वज्ञज्ञान प्राप्त गर्नुभन्दा पहिले तीस पारमिता पूर्ण गरी बक्सँदा एक पटक मयुरको जातमा जन्मनु हुँदा मोर परित्राणद्वारा सुरक्षित हुनुभएका महासत्त्वलाई जंगलका ब्याधाहरूले धेरै कालसम्म कोशिस गरेर पनि पक्रन नसकेको हुनाले तथागतले यस मोर परित्राणलाई "महोत्तम महामन्त्र" भनी आज्ञा हुनुभयो । तसर्थ सज्जन हो ! हामीहरूले पनि यो परित्राण पाठ गरौं ।

लोकहरूको नेत्र समान सुवर्णवर्ण एक राजा पृथ्वीलाई प्रकाश गर्ने श्री सूर्य उदय भयो । त्यसकारण उनी सूर्यलाई मेरो नमस्कार । हे सूर्य ! आज दिनभर तपाईंको आधारमा हामी विचरण गर्छौं ॥१॥

जुन ब्राह्मणहरू सम्पूर्ण धर्मका ज्ञाता हुनुहुन्छ, उहाँ तथागतहरूलाई मेरो नमस्कार छ। वहाँहरूले पनि मेरो रक्षा गरून्। बुद्धहरूलाई नमस्कार। बोधिलाई नमस्कार । विमुक्तरहनु भएकालाई पनि नमस्कार । विमुक्तिलाई पनि नमस्कार । यसरी परित्राण पाठ गरेर त्यो मयुरले आफूलाई आरक्षा गरी चर्न जान्थ्यो ॥२॥

लोकहरूको नेत्र समान सुवर्णवर्ण एकराजा पृथ्वीलाई प्रकाश गर्ने सूर्य अस्त भई गयो । उनी दिवाकरलाई फेरी नमस्कार । फेरी उनकै आरक्षामा रहेर आजको रात बिताउँछु ।

जुन ब्राह्मणहरू सम्पूर्ण धर्मका ज्ञाता हुनुहुन्छ, उहाँ तथागतहरूलाई मेरो नमस्कार छ। वहाँहरूले पनि मेरो रक्षा गरून्। बुद्धलाई नमस्कार। बोधिलाई अर्थात् अर्हतमार्ग तथा सर्वज्ञज्ञानलाई नमस्कार। क्लेशबाट विमुक्त पुद्गलहरूलाई पनि नमस्कार। विमुक्ति (अर्हतफल) लाई पनि नमस्कार। यस प्रकार परित्राण पाठद्वारा सुरक्षित गरी त्यो मयुर वास गर्थ्यो ॥३॥

| | | |
|---|---|---|
| **छोटकरीमा** | : | **अविजसुनुस्सानुत्ति (६)** |
| मंगल दिशा | : | उत्तर पूर्व बीच |
| अमंगल दिशा | : | उत्तर दिशा |
| परिवार रंग | : | रातो (सरसामान तथा प्रयोगिय वस्तुहरू) |
| मंगल रंग | : | हरियो |
| अमंगल रंग | : | निलो |
| मंगल दिन | : | मंगल, बुध, बिही |
| अमंगल दिन | : | शुक्र |



Downloaded from http://www.dhamma.digital

# सोमबार

## व्याधिमुक्त बुद्ध





Downloaded from http://www.dhamma.digital

# सोमबार
# व्याधिमुक्त बुद्ध प्रतिमा

## मुद्राको लक्षण

दुबै हात छातीसम्म उठाएर पर्खने संकेतका साथ शान्त रूपले उभिरहनु भएको बुद्ध ।

## प्रवेश

भगवान बुद्धको जीवनकालमा कपिलवस्तु र देवदह नगरको बीचमा एउटा नदी थियो। उक्त नदीको नाम रोहिणी थियो। त्यहि रोहिणी नदीले दुई देशलाई छुट्याएको थियो। मानिसहरू त्यहि नदीको पानीले खेती किसानी गरेर आफ्नो गुजारा गर्थ्यो। तर एक समय सुख्खा पर्‍यो। दुवै नगरमा पानीको हाहाकार भयो। सुख्खाले पानीका मूलहरू धमाधम सुक्दै गयो। रोहिणी नदीको पानी पनि कम हुँदै गइरहेको थियो। दुवै नगरका मानिसहरू रोहिणी नदीको पानी प्रयोग गर्न चाहन्थे। कपिलवस्तुका मानिसहरू कपिलवस्तुमा र देवदहका मानिसहरू देवदहमा पानी लाने कोशिश गर्दै थियो। पानीको कारण बादबिवाद शुरू भयो। बादबिवाद झगडामा परिणत भयो। झगडाले उग्र रूप लिन थालेपछि दुवै नगरबीच युद्ध हुने स्थिति आयो।

यो खबर भगवान बुद्ध समक्ष पुग्यो। कपिलवस्तु भगवान बुद्धको जन्मदेश र देवदह मावली देश थियो। भगवान बुद्धले "यदि आज म त्यस स्थानमा उपस्थित हुन सकिँन भने आफन्तहरूको विनास हुनेछ।" भनि विचार गरेर भगवान बुद्ध झगडा भैरहेको स्थानमा जानु भई आफन्तहरूको बीचमा उभेर दुवै हात छातीसम्म उठाएर विवादको कारण सोध्नु भयो। विवादको कारण सोधिसके पछि उहाँले यस्तो आज्ञा गर्नुभयो – "पानी र आफन्तको रगतको मूल्यमा कुन चाहिँ ठूलो छ ?" दुवैतर्फबाट "आफन्तहरूको रगतको मूल्य उच्च छ" भन्ने जवाफ आयो। त्यसपछि पुनः आज्ञा गर्नुभयो – "तपाईंहरूले आज आफन्तको रगतको मूल्यलाई पानीको बराबरीमा राखेर झगडा गर्न खोज्दै हुनुहुन्छ।" फेरी भन्नुभयो – "मनुष्यहरू एक आपसमा वैरीभाव राख्छन्। हामीहरू (बुद्ध र उहाँका श्रावकहरू) वैरी मुक्त भएर कुशलसँग बस्छौं। मानिसहरू एक आपसमा झैं-झगडा गरेर बस्छन्। हामीहरू झैं-झगडाबाट बञ्चित भएर बस्छौं।" भगवानको यस्तो अमृत वचन सुनेर सबैले उहाँको चेतनालाई बुझ्यो र अनुमोदन गरेर मिलिजुली बस्न थाल्यो।



Downloaded from http://www.dhamma.digital

यस घटना पश्चात आचार्य पण्डितजनहरूले भगवान बुद्धलाई व्याधिमुक्त शान्तिको प्रतिकको रूप दिनुभएको छ। भगवान बुद्धको मुखारविन्दबाट त्यस्तो अमृत वचन प्रवाह नभएको भए सायद दुई देशका जनताहरू बीच काटमार भई रगतको खोलो बग्ने थियो। एउटा सानो उपदेशले पनि दुई देशका जनताहरूको मन परिवर्तन भई एक आपसमा मिलेर बस्ने वातावरण श्रृजना भएको थियो।

भगवान बुद्धले हरेक परिस्थितिमा छिटो निर्णय नलिइकन स्मृतिवान भएर परिवर्तनलाई प्रत्येक क्षण मनन गर्दै विजय प्राप्त गर्ने उद्देश्यले दुवै हात छातीसम्म उठाएर राख्नु भएको थियो। परिस्थितिले अकुशल धर्मको मद्दत लिई आफ्नो वशमा लिएर दुःख दिने प्रयत्न गर्न सक्छ। मनमा अशान्ति र दौर्मनस्यता उत्पन्न गर्न सक्छ। घरपरिवारमा स-साना कुराबाट पनि मानसिक दुःख पिडा आउन सक्छ। ती दुःख, पिडा र अकुशल धर्मलाई समताभावले निर्मूल गर्नको लागि यो दिन जन्मेका मानिसले स्मृतिवान भएर व्याधिमुक्त बुद्ध प्रतिमाको पूजा गर्नु हितकर हुनेछ। प्रत्येक सोमबारको दिन उल्लेखित विधि अनुसार पुब्बण्ह सुत्र १५ पटक उच्चारण गरेमा मनोकामना पूर्ण भई सुखशान्ति र आयु आरोग्यका साथै यस लोक र परलोकसम्म पनि पुण्य प्राप्त हुने विश्वास गरिएको छ।

## पूजा गर्ने विधि :

१. धूप १५ वटा

२. पूर्व दिशा फर्केर पुब्बण्ह सुत्रको गाथा १५ चोटी पाठ गर्नु।

### गाथा

यं दुन्निमितं अवमङ्गलञ्च,
यो चा'मनापो सकुणस्स सद्दो।
पापग्गहो दुस्सुपिनं अकन्तं,
बुद्धानुभावेन विनासमेन्तु ॥१॥

यं दुन्निमित्तं अवमङ्गलञ्च,
यो चा'मनापो सकुणस्स सद्दो।
पापग्गहो दुस्सुपिनं अकन्तं,
धम्मानुभावेन विनासमेन्तु ॥२॥

यं दुन्निमित्तं अवमङ्गलञ्च,
यो चा'मनापो सकुणस्स सद्दो।
पापग्गहो दुस्सुपिनं अकन्तं,
संघानुभावेन विनासमेन्तु ॥३॥



Downloaded from http://www.dhamma.digital

दुक्खप्पत्ता च निद्दुक्खा,
भयप्पत्ता च निब्भया ।
सोकप्पत्ता च निस्सोका,
होन्तु सब्बेपि पाणिनो ॥४॥

एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञसम्पदं ।
सब्बे देवा अनुमोदन्तु, सब्बसम्पत्ति सिद्धिया ॥५॥

दानं ददन्तु सद्धाय, सीलं रक्खन्तु सब्बदा ।
भावना'भिरता होन्तु, गच्छन्तु देवता गता ॥६॥

सब्बे बुद्धा बलप्पत्ता, पच्चेकानञ्च यं बलं ।
अरहन्तानञ्च तेजेन, रक्खं बन्दामि सब्बसो ॥७॥

## अर्थ

जुन कुनिमित्त, अमंगल, चराचुरूङ्गीहरूको कुशब्द, पापग्रह दुस्वप्न आदि हुने हो । ती सबै बुद्धको आनुभावले विनास भएर जाओस् ॥१॥

जुन कुनिमित्त, अमंगल, चराचुरूङ्गीहरूको कुशब्द पापग्रह दुस्वप्न आदि हुने हो । ती सबै धर्मको आनुभावले विनाश भएर जाओस् ॥२॥

जुन कुनिमित्त, अमंगल, चराचुरूङ्गीहरूको कुशब्द पापग्रह दुस्वप्न आदि हुने हो । ती सबै संघको आनुभावले विनाश भएर जाओस् ॥३॥

दुःख, भय, शोक भइरहेका प्राणीहरूलाई दुःख, भय, शोक नहुने होस् ॥४॥

यो हामीले दानपुण्य भावभक्ति गरेको धर्मलाई श्री सम्पत्ति सिद्ध गर्ने आशा राखेका सबै देवताहरूले अनुमोदन गरून् ॥५॥

श्रद्धापूर्वक दान गरोस्, सर्वदा शील पालना गरोस्, भावनारत होस् र धर्म श्रवणार्थ पाल्नुभएका देवताहरू आफ्नो आफ्नो स्थानमा पाल्नुहोस् ॥६॥

श्रद्धाबलधारी सबै तथागतहरू, प्रत्येक बुद्धहरू र अरहन्तहरूको तेज बल ज्ञानद्वारा सम्पूर्ण स्थानमा रक्षाबन्धन गर्‍यौं ॥७॥

छोटकरीमा : इरजागतरसा १५ पटक पाठ गर्ने
मंगल दिशा : दक्षिण पश्चिम दिशा
अमंगल दिशा : उत्तर पूर्व
मंगल रंग : कालो, बैजनी, निलो
अमंगल रंग : रातो
परिवार रंग : सेतो, पहेंलो
सरसामाज प्रयोजन : क्रिम कलर
मंगल दिन : बुध, शुक्र, शनि, आईतबार
अमंगल दिन : बिहीबार



Downloaded from http://www.dhamma.digital

# मंगलबार

# शयनासन बुद्ध





Downloaded from http://www.dhamma.digital

# मंगलबार
# शयनासन बुद्ध प्रतिमा

## मुद्राको लक्षण

शीरलाई दायाँ हातमा अडेश लगाएर बायाँ हात शरीरमाथि राखेको बायाँ खुट्टा दाहिने माथि राखेर शयनासन मुद्रा इरियापदमा रहनु भएको बुद्ध ।

## प्रवेश

एक समय भगवान बुद्ध श्रावस्तीको जेतवन विहारमा बुद्ध उपत्थाकको उपस्थितिमा शयनासनमा लेटेर आनन्दपूर्वक आराम गरेर बसिराख्नु भएको थियो । त्यसैबेला विभिन्न वर्गका देवदेवीहरूले यो कुरा थाहा पाएर उहाँ भगवान शास्ता आश्रवहरूलाई निर्मूल गरी अर्हत हुनु भई सम्येक सम्बोधि लाभ गरी सक्नु भएका, विद्या र आचरणमा सम्पन्न हुनु भएका, देव र मुनष्यहरूका शास्ता हुनु भएका, तीनै लोकमा सत्त्वहरूलाई उच्चस्तरमा दमन गर्नु भएका उहाँ भगवान करूणामयी मैत्रीचित्त परिपूर्ण हुनुहुन्छ । देवदेवीहरूले यसरी गुणानुगुण गरी भगवान बुद्धको दर्शनार्थ जाने तयारी गरेको असुर वर्गका राजा वेपचित्तिको उपराज असुरिन्द्रले थाहा पाए । यस्तो वर्णन सुनेर असुरिन्द्र उपराजलाई पनि भगवानको दर्शन गर्ने इच्छा जाग्यो ।

देवादिदेवहरू विभिन्न देवलोकबाट भगवानको दर्शनार्थ मनुष्य लोकमा आउँदै गर्नुभयो । भगवान बुद्धले पनि मनुष्य र देवताहरू सबैलाई समान रूपमा स्वागत गर्नुभयो । भगवान बुद्धको यस्तो आचरण देखेर लोकुत्तर जीन बुद्धलाई मनुष्य र सानो प्राणी भनेर असुरिन्द्र उपराजमा अहंकार उत्पन्न भयो । अहंकारका कारण भगवानलाई भेट्न जाने विचारलाई त्यागेका असुरिन्द्र देवको मनस्थितिलाई बुझ्रेर भगवान बुद्धले असुरिन्द्र देवको अहंकारलाई हटाउनको लागि आफ्नो ऋद्धिबलद्वारा आफूलाई असुरिन्द्र देवभन्दा धेरै गुणा ठूलो देखाउनु भयो । त्यति ठूलो शरीर देखेर असुरिन्द्रको शरीरको रौं नै जिरिङ्ग हुने गरी जीउ नै सिरिङ्ग भयो र अहंकार हट्यो । अहंकार हटेको थाहा पाएपछि भगवान बुद्धले यस्तो देशना गर्नुभयो – “आफूलाई कहिल्यै म ठूलो छु भनेर पोखरीमा बस्ने ठूलो माछाले जस्तो विचार नगर्नु । पोखरीको माछाभन्दा धेरै गुणा ठूला माछाहरू समुद्रमा छन् ।”



Downloaded from http://www.dhamma.digital

त्यसपछि त्रिलोकलाई पूर्ण रूपमा बुझिसक्नु भएका भगवान बुद्धले असुरिन्द्र देवलाई ब्रह्मलोकमा घुमाउन लैजानु भयो । ब्रह्मलोकमा पुग्दा ब्रह्मलोकका ब्रह्मराजले भगवान बुद्धलाई यसरी बिन्ति गर्नुभयो – "आदरणीय आर्यत्रिदित्य करूणादायी शास्ता ! तपाईंको चीवरको चुच्चोमा राखेर कस्लाई घुमाउन ल्याउनु भएको हो ?"

बुद्धले भन्नुभयो – "यो असुरिन्द्र राहुदेवले यो संसारमा आफूभन्दा ठूलो कोहि छैन भनेर अहंभाव पालेर बसिराखेकोले सत्य देखाउन घुमाउन ल्याएको हुँ ।"

यस्तो उत्तरले असुरिन्द्र राहुको अहंभाव हट्यो । अभिमान र गलत दृष्टिलाई हटाएर हृदयदेखि श्रद्धापूर्वक भगवान बुद्धलाई सादर वन्दना गरी त्रिशरणको शरण लिएर आफ्नो ब्रह्मलोकमा फर्कनु भयो ।

यस घटनालाई आधार बनाएर आचार्य पण्डितजनहरूले मंगलबारको दिन जन्मेका मानिसहरूले शयनासन बुद्ध प्रतिमालाई पूजा गर्नु फलदायी हुने विश्वास लिएका छन् । मंगलबार जन्मने मानिसले यो शयनासन बुद्ध प्रतिमालाई श्रद्धापूर्वक पूजा गरेमा मंगल हुनेछ । मंगलबारको दिन तातो धातुको बाहुल्यता हुन्छ । यस दिन अग्नी देवले राज्य गर्ने भएकोले रिसाउने, बिगार्ने र जलाउने स्वभाव हुन्छ । फलतः जीवनमा असफल हुने, अमंगल हुने, घरपरिवारमा झैं झगडा मात्र भइरहने हुन्छ । त्यसैले यो दिनमा जन्मने व्यक्तिले मेत्त सुत्त श्रद्धापूर्वक ८ पटक वाचन गरी शयनासन बुद्धलाई पूजा गर्ने गरेमा जीवन मंगलमय हुनेछ । समयको अभावमा छोटकरीमा "यस्सानुभावतो ............. परितं तं भणाम हे ।" लाई स्मरण गर्ने ।

## पूजा गर्ने विधि

१. दक्षिण पूर्व दिशा फर्केर ८ वटा धूप बालेर निम्न गाथा ८ पटक वाचन गर्ने ।

### गाथा

यस्सानुभावतो यक्खा, नेव दस्सेन्ति भिसनं ।
यम्हि चेवा'नुयुञ्जन्तो, रत्तिन्दिव'मतन्दितो ।
सुखं सुपत्ति सुत्तो च, पापं किञ्चि नं पस्सति ।
एवमादि गुणूपेतं, परितं तं भणाम हे ।



Downloaded from http://www.dhamma.digital

करणीय मत्थकुसलेन, यन्तं सन्तं पदं अभिसमेच्च ।
सक्को उजू च सुहुजू च, सुवचो चस्स मुदु अनतिमानि ॥१॥

सन्तुस्सको च सुभरो च, अप्पकिच्चो च सल्लहुकवुत्ति ।
सन्तिन्द्रियो च निपको च, अप्पगब्भो कुलेस्व'ननुगिद्धो ॥२॥

न च खुद'माचरे किञ्चि, येन विञ्जू परे उपवदेय्युं ।
सुखिनो व खेमिनो होन्तु, सब्बे सत्ता भवन्तु सुखितत्ता ॥३॥

ये केचि पाण भूतत्थि, तसा वा थावरा वा अनवसेसा ।
दीघा वा ये व महन्ता, मज्झिमा रस्सका अणुकथूला ॥४॥

दिट्ठा वा ये व अदिट्ठा, ये व दूरे वसन्ति अविदूरे ।
भूता वा सम्भवेसी वा, सब्बे सत्ता भवन्तु सुखितत्ता ॥५॥

न परो पर निकुब्बेथ, नातिमञ्ञेथ कत्थचि नं कञ्चि ।
व्यारोसना पटिघसञ्ञा, नाञ्ञमञ्ञस्स दुक्ख'मिच्छेय्य ॥६॥

माता यथा नियं पुत्तं, मायुसा एक पुत्त'मनुरक्खे ।
एवम्पि सब्बभूतेसु, मानसं भावये अपरिमाणं ॥७॥

मेत्तञ्च सब्बलोकस्मिं, मानसं भावये अपरिमाणं ।
उद्धं अधो च तिरियञ्च, असम्बाधं अवेर'मसपत्तं ॥८॥
तिट्ठं चरं निसिन्नो वा, सयानो वा यावतास्स वीगतमिद्धो ।

एतं सतिं अधिट्ठेय्य, ब्रह्ममेतं विहार'मिधमाहु ॥९॥
दिट्ठिञ्च अनुपगमम, सीलवा दस्सनेन सम्पन्नो ।

कामेसु विनेय्य गेधं, न हि जातु'ग्गब्भसेय्यं पुनरेती'ति ॥१०॥



Downloaded from http://www.dhamma.digital

# अर्थ

हे सत्त्पुरूषहरू, मैत्री सूत्र परित्राणको आनुभावद्वारा धेरै देवयक्षहरूले भयंकर आलम्बन देखाउन सकेका छैनन् । त्यस मैत्री सूत्र परित्राणमा रातदिन निरन्तर अटुट रूपमा लागी उद्योग र अभ्यास गरिरहने व्यक्तिले सुखपूर्वक सयन गर्न पाउनेछ, निदाउन सक्नेछ । निदाइ रहँदा दुःस्वप्न देख्नुपर्ने छैन । इत्यादि गुणानिशंसले परिपूर्ण मैत्री सूत्र परित्राण पाठ गरौं ।

शान्त शीतल निर्वाणलाई प्रतिवेधगरी जान्न बुझ्न चाहने अर्थ र हितमा दक्षता भएको व्यक्तिले आचरणीय त्रिविध शिक्षा आचरणहरूको आचरण गर्नु पर्दछ । त्यो व्यक्ति समर्थ भएको हुनुपर्छ, सीधा सादा ऋजु भएको हुनुपर्छ, अति नै ऋजु भएको हुनुपर्छ, अनुशासन गर्न सजिलो, मृदु, कोमल स्वभाव भएको, निराभिमानी, सन्तोषी, भरण पोषण गर्न सजिलो, अल्पकृत्य, सरल वृत्ति भएको, शान्त दान्त इन्द्रिय सम्पन्न, परिपक्व बुद्धिमान, जंगली असभ्य स्वभाव नभएको र कुल गृहस्थीप्रति ममता र आशक्ति नभएको हुनुपर्छ ।

धेरै अन्य प्रज्ञावानहरूले निन्दा र उपहास गरिने दुश्चरित्र हीनकर्म जतिसुकै सानो भएपनि गर्नुहुँदैन । सत्त्वहरू शारीरिक सुख भएका होऊन्, भय उपद्रव दूरभई शान्त शीतल रमणीय होउन्, मानसिक सुख भएकाहरू पनि होउन् ।

सबै त्रसित हुने पृथकजन शैक्ष्यहरू त्रसित नहुने अरहन्त पुद्गलहरू, लामा शरीर भएका सत्त्वहरू, अणुमात्रका सत्त्वहरू, मोटाएका सत्त्वहरू, दृश्य वा अदृश्य सत्त्वहरू, दूरस्थ वा समीपस्थ सत्त्वहरू, पछि उत्पन्न हुने, उत्पन्न भइसकेका, उत्पन्न भइरहेका अरहन्तहरू, भविष्यमा नयाँ जन्म लिनुपर्ने शैक्ष्य पृथकजनहरू, संसारमा भएका यी सबै सत्त्वहरूको शरीर र मन दुवै सुखी होऊन् ।

एउटाले अर्कालाई छलकपट नगर्नु, जुनसुकै क्षेत्रमा भए पनि कसैलाई अपमान र अवहेलना नगर्नु, शरीर र वचनद्वारा कष्ट पुऱ्याई सास्ति गर्नु र द्वेष चित्तले परस्पर एउटाले अर्कोलाई दुःख दिने इच्छा नगर्नु ।

जन्मदातृ आमाले आफ्नो छोराछोरीको प्राणको बाजि राखेर समेत सदैव रक्षा गरिरहने जस्तै नै सम्पूर्ण सत्त्वहरूप्रति प्रमाणरहित भएको मैत्री चित्तको भाविता र बृद्धि गर्नुपर्छ ।

माथि अरूपभूमि तलको कामभूमि र माझको रूपभूमि सम्पूर्ण लोकमा प्रमाणरहित भएको मैत्री चित्तलाई संकीर्णता नुहनेगरी दोष नामक आन्तरिक



Downloaded from http://www.dhamma.digital

शत्रु नहुने गरी बाह्य शत्रु पनि नहुने गरी भाविता र बृद्धि गर्नुपर्छ ।

उभिरहँदा, गइरहँदा, बसिरहँदा वा पल्टिरहँदा जबसम्म जागा रहिरहन्छन्, तबसम्म मैत्रीध्यान स्मृतिलाई दृढताका साथ धारण एवं अधिष्ठान गर्नुपर्छ । यो बुद्धशासनमा यसै मैत्रीध्यान स्मृतिद्वारा बास गरिरहनुलाई ब्रह्मविहार भनी तथागतहरूले आज्ञा गरिसक्नु भएका छन् ।

त्यस मैत्रीध्यान प्राप्त गरिसक्नु भएको योगीले आत्मदृष्टि उपादान नरहने गरी लोकुत्तर शील सम्पन्न श्रोतापत्ति मार्गज्ञानयुक्त भई वस्तु आलम्बन कामगुणमा क्लेशद्वारा आशक्त हुनुलाई बिल्कुल हटाइ सकेर निस्सन्देह फेरि एकबार प्रतिसन्धि रहन नपर्ने भएको छ ।

## छोटकरीमा : तिहंचतोरोठिनं ८ पटक पाठ गर्ने

| | |
|---|---|
| मंगल दिशा | : पूर्व दक्षिण दिशा |
| अमंगल दिशा | : पूर्व दिशा |
| मंगल रंग | : कलेजी |
| अमंगल रंग | : हरियो, सेतो, घ्यू |
| परिवार रंग | : गुलाफी रंग |
| मंगल दिन | : शनिबार, बिहीबार, शुक्र, आईतबार |
| अमंगल दिन | : सोमबार |

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# बुधबार
# पात्र धारण बुद्ध





Downloaded from http://www.dhamma.digital

# बुधबार
# पात्र धारण बुद्ध प्रतिमा

**मुद्राको लक्षण**

हातमा पात्र धारण गरेर उभिरहनु भएको बुद्ध ।

**प्रवेश**

सम्बोधि लाभ पश्चात शुद्धोदन महाराजको निमन्त्रणामा भिक्षु संघका साथ भगवान बुद्ध कपिलवस्तुमा आउनु भयो । शाक्यकुलका आफन्तहरू साह्रै घमण्डी थिए । भगवानलाई वन्दना गर्नु पर्ला भनि आफ्ना केटाकेटीहरूलाई अघि सारेर भगवानलाई प्रणाम गर, वन्दना गर भनी आफूहरू पछिल्तिर उभिरहेको थियो। आफन्तहरूको अभिमान हटाउन आफ्नो ऋद्धिबलले आकाशमा जानु भई प्रातिहार्य देखाउनु भएको थियो। यो देखेर शुद्धोदन महाराजले साष्टाङ्ग दण्डवत गर्नुभयो । त्यसपछि सबै शाक्यहरूले वन्दना गऱ्यो । यसरी स-श्रद्धा दण्डवत् गरेको देखेर आकाशबाट ओर्लनु भएर उहाँको आसनमा विराजमान हुनुभयो । त्यस समय अनगिन्ति पारमितालाई परिपूर्ण गरिसक्नु भएका उहाँ सम्येक सम्बुद्धको आनुभावले ठूलो पोक्खर वर्षा भयो। त्यो वर्षा जसलाई इच्छा लाग्यो त्यसलाई मात्र वृष्टि थोपाले लाग्ने, इच्छा नभएकालाई एक थोपा पनि नलाग्ने वर्षा थियो । यस्तो वृष्टि देखेर उपस्थित नरनारीहरू आश्चर्य चकित भएका थिए । त्यसपछि भगवानले यस्तो वर्षा अहिले मात्र भएको होइन, अतितकालमा पनि भएको भनि बिसन्तर जातक देशना गर्नुभयो। त्यो देशनाको अन्तमा सम्पूर्ण उपस्थित आफन्तजनहरूसहित जनताहरूले अनुमोदन गर्नुभयो । देशनाको अन्तमा सबैजना भगवानलाई दण्डवत गरी आ-आफ्नो निवास फर्किए। राजा शुद्धोदन तथा अरू आफन्तजनहरू पनि भगवान सहित भिक्षुसंघलाई भोजनको लागि निमन्त्रणा बिना नै भगवान बुद्धसँग बिदा लिएर दरबार फर्कनु भयो। राजा शुद्धोदन पनि मेरो छोरा राजदरबारमा नआई अरू कहाँ जाला र भनि सोचेर दरवार तिर फर्के । राजा शुद्धोदनले भान्छा घरमा विभिन्न प्रकारका राम्रो मिठो परिकारहरू तयार गर्न लगाउनु भयो । बडो हर्ष र उल्लासले भगवान बुद्ध सहित भिक्षुगणलाई भोलि बिहान सबेरै दान दिने मनसायले बस्नु भयो ।

अध्यारो बढ्दै गयो राती पर्न लाग्यो तर कसैले पनि उहाँलाई भोजनको लागि निमन्त्रणा दिन आउनु भएन। बिहान भयो तर पनि कसैले उहाँलाई भोजनार्थ निमन्त्रणा गर्न आउनु भएन। यस्तो परिस्थितिलाई देखेर आसनबाट



Downloaded from http://www.dhamma.digital

उठ्नु भयो । हातमा भिक्षापात्र लिएर सम्पूर्ण भिक्षुगण सहित कपिलवस्तु नगरमा भिक्षाटनको लागि प्रस्थान गर्नुभयो । बुद्ध प्रमुख भिक्षुगण भिक्षाटनार्थ नगर प्रवेश गर्नुभएको सुन्दर दृश्यलाई देखेर सम्पूर्ण प्रजा हर्षित भएका थिए । नगरबासीहरूले दुई हात जोडी अभिवादन गरेर उहाँको दर्शन गरेका थिए । हातमा भिक्षापात्र लिएर वैमनश्य सत्त्व प्राणीहरूको सत्गतिका लागि उहाँ शान्तपूर्वक मैत्रीपूर्ण स्मृतिवान भएर नगर प्रवेश गर्नुभयो ।

नरजन पुरूष होस् वा महिला यो बुधबारको दिनमा जन्मनु भएकालाई आचार्य पण्डितहरूले मंगल कामना गर्दै पात्रधारण बुद्धप्रतिमालाई स-श्रद्धापूर्वक पूजा गर्नको लागि निर्धारण गरिदिनुभएको छ । यो प्रतिमाको अगाडि १७ पटक सम्म "सब्बासीविसजातिनं" भन्ने गाथाबाट दैनिक पूजा गरेमा पुण्यका भागिदार हुनेछ । लाभसत्कारले परिपूर्ण भई सुख समृद्धि प्राप्त हुनेछ । जीवन मंगलमय भएर आयु लामो हुने, रोगादिबाट मुक्त हुने विभिन्न रूपले सुख प्राप्त हुनेछ ।

## पूजा गर्ने विधि (दिउँसो जन्म हुनेको लागि)

१. १७ वटा धूप बाल्ने

२. दक्षिण दिशा फर्केर खन्ध सुत्रले स-श्रद्धा पूजा गर्ने (नमो ३ पटक)

### गाथा

सब्बासीविस जातिनं दिब्बमन्तागतं विय ।
यं नासेति विसं घोरं, सेसंञ्चापि परिस्सयं ॥
आणा-खेतम्हि सब्बत्थ सब्बदा सब्बपाणिनं ।
सब्बसोपि निवारेति परित्तंतम भणाम हे ॥

विरूपक्खेहि मे मेत्तं, मेत्तं एरापथेहि मे ।
छब्यापुत्तेहि मे मेत्तं, मेत्तं कण्हागोतमकेहि च ॥१॥

अ-पादकेहि मे मेत्तं, मेत्तं द्वि-पादकेहि मे ।
चतुप्पदेहि मे मेत्तं, मेत्तं बहुप्पदेहि मे ॥२॥

मा मं अपादाको हिंसि, मा मं हिंसि द्विपादको ।
मा मं चतुप्पदो हिंसि, मा मं हिंसि बहु-प्पदो ॥३॥

सब्बे सत्ता, सब्बे पाणा, सब्बे भूता च केवला ।
सब्बे भद्रानि पस्सन्तु, मा किञ्चि पापमागमा ॥४॥

अप्पमाणो बुद्धो, अप्पमाणो धम्मो ।
अप्पमाणो संघो, पमाणवन्तानि सरीसपानि ॥५॥



Downloaded from http://www.dhamma.digital

अहि विच्छिका सतपदी, उण्ण-नाभी सरबू मूसिका ।
कता मे रक्खा, कतं मे परित्तं ॥६॥

पटिक्कमन्तु, भूतानि, सोहं नमो भगवतो ।
नमो सत्तन्नं सम्मासम्बुद्धानं ॥७॥

## अर्थ

यो लोकमा चार प्रकारका घोर विषधारी सर्पहरूको भयलाई यो परित्राणले दिव्यशक्ति भएको मन्त्रले जस्तै विनाश गर्दछ । फेरि एक लाख कोटी चक्रवालमा जुन आज्ञा चल्ने आणा-खेत्त छन्, त्यहाँ सबै प्राणीहरूको सम्पूर्ण भयलाई निवारण गर्न समर्थ भएको यो परित्राणलाई हे सज्जन हो ! हामीले पाठ गर्नुपर्‍यो ।

विरूपाक्ष नागराजाहरूलाई मेरो मैत्रीभाव रहोस् । एरापथ नागराजाहरूलाई पनि मेरो मैत्रीभाव रहोस् । छव्यापुत्र नागराजाहरूलाई पनि मेरो मैत्रीभाव रहोस् । कण्हागोतमक नागराजाहरूलाई पनि मेरो मैत्रीभाव रहोस् ॥१॥

खुट्टा नभएका प्राणीहरूलाई पनि मेरो मैत्रीभाव रहोस्, दुई खुट्टा मात्र भएका प्राणीहरूलाई पनि मेरो मैत्रीभाव रहोस्, चार खुट्टा मात्र भएका प्राणीहरूलाई पनि मेरो मैत्रीभाव रहोस्, धेरै खुट्टा भएका प्राणीहरूलाई पनि मेरो मैत्रीभाव रहोस् ॥२॥

पाउ नभएका प्राणीहरूले मलाई हिंसा नगरोस्, दुई पाउ मात्र भएका प्राणीहरूले पनि मलाई हिंसा नगरोस्, चार पाउ भएका प्राणीहरूले पनि मलाई हिंसा नगरोस् ॥३॥

सबै सत्त्वहरू, सबै प्राणीहरू, सबै भूतहरू, सबै जीवधारीको असल दृष्टि भै असल महा-उत्तम भएको देखिनुपर्ने देखियोस्, कसैको कुदृष्टि नहोस् ॥४॥

अप्रमाण नौ बुद्धको गुण, अप्रमाण छ धर्मको गुण, अप्रमाण नौ संघहरूको गुण । सर्प, बिच्छी, कनसुत्लो, माकुरो, छेपारो, मुसा आदि आदि घिस्रेर जाने प्राणी द्वेषादि क्लेशधारी हुनाले प्रमाण भएका भन्छन् । यिनीहरूलाई पनि रक्षा हुने काम गरी सकें, मैले परित्राण गरिसकें ॥५,६॥

अब यहाँ बिषधारीहरूले छोडेर जानुपर्‍यो । मैले उनी भगवान बुद्धलाई नमस्कार गरें । विपस्वी आदि सात सम्यक्सम्बुद्धलाई नमस्कार गरें ॥७॥

छोटकरीमा : “पिसम्रलोपुसत्बुद्ध” १७ पटक पाठ गर्ने ।

मंगल दिशा : उत्तर
अमंगल दिशा : दक्षिण-पश्चिम
मंगल रंग : कैलो, खरानी
अमंगल रंग : गुलाफी
परिवार रंग : हरियो रंग
मंगल दिन : शुक्र, बुध, आइत
अमंगल दिन : शनिबार



Downloaded from http://www.dhamma.digital

# बिहीबार
# समाधि मुद्रा बुद्ध





Downloaded from http://www.dhamma.digital

# बिहीबार
# समाधि मुद्रा बुद्ध प्रतिमा

**मुद्राको लक्षण**

बाँया हात माथि दायाँ हात राखि ध्यान मुद्रामा रहनु भएका बुद्ध मूर्ति ।

**प्रवेश**

राजदरबारबाट नगर परिक्रमामा जानुभएका राजकुमार सिद्धार्थले चार प्रकारका देवदुतहरू बुढो, रोगी, मृत र श्रमण भिक्षुको दर्शन पश्चात २९ वर्षको उमेरमा गृहत्याग गरेर मोक्ष धर्मको खोजीमा जानुभयो । ६ वर्षसम्म विभिन्न प्रकारले दुश्कर चर्या गर्नु भएपनि उहाँले ज्ञान प्राप्त गर्न सक्नु भएको थिएन । त्यसपछि त्यो दुश्कर चर्यालाई छोडेर चित्तलाई हेर्ने साधना गर्न उरूवेलावनमा बोधिवृक्षमुनी ध्यान गर्न थाल्नुभयो । बैशाख पूर्णिमाको दिनमा मारलाई विजय गर्नु भई ३५ वर्षको उमेरमा बुद्धत्त्व लाभ गर्नुभयो र ४५ वर्षसम्म देव र मनुष्यहरूको हित र सुखको लागि धर्म प्रचार गर्नुभयो ।

बोधिवृक्ष मुनी ध्यान गरेर प्राप्त भएको ज्ञानलाई बोधिज्ञान भनिन्छ । प्रथम रात्रीमा उहाँले पूर्वजन्मको ज्ञान प्राप्त गर्नुभयो । पूर्वजन्ममा जतिपनि जन्म उहाँले लिई सक्नुभयो त्यसको पूर्ण ज्ञान प्राप्त गर्नुभयो । त्यसलाई पुब्बेसति ञाण भनिन्छ ।

रात्रीको दोस्रो प्रहरमा भविष्यमा कुन सत्त्वप्राणी कहाँ, कुन कुल र स्थानमा जन्म लिन्छ भन्ने विषयमा ज्ञान प्राप्त गर्नुभयो । जन्म मरणको पूर्ण ज्ञान प्राप्त गर्नुभयो । त्यसलाई चतुप्पाद ञाण भनिन्छ ।

त्यसैगरी रात्रीको तेस्रो चरणमा उहाँलाई आसवक्खयञाण लाभ अर्थात् मनमा भएका सम्पूर्ण विकारहरू जस्ले यो जन्म मरणको भवसंसारमा ल्याउने आश्रवहरू छन् ती सबै आश्रवहरूलाई नष्ट गरिदिनुभयो ।

यसरी त्रिज्ञानलाई पूर्ण रूपमा बोध गरिसकेपछि चतुरार्यसत्य, पटिच्चसमुप्पाद र त्रिलक्षण जस्ता स्वभाविक धर्मलाई विहानको घामसँगै बोध गर्नुभयो र अर्हत् सम्येक सम्बुद्ध हुनुभयो । त्यस समयमा अतिप्रमोदित्य भएर भगवानले यस्तो उदान गर्नुभयो ।

“गृहकारकलाई खोज्दा खोज्दै अनेक जन्म बित्यो । ती हरेक जन्म दुःखमय भएर बित्यो । आज त्यो गृहकारकलाई देखिसकें । फेरी गृह बनाउन सकिने



Downloaded from http://www.dhamma.digital

छैन। तिम्रा घर बनाउने सम्पूर्ण औजारहरूलाई तोडी सकें। घरको धुरीलाई भाँची खरमाली सकें। मेरो चित्त संस्कार रहित भई सम्पूर्ण तृष्णालाई नष्ट गरी सकें।" धम्मपद १५३-१५४

यो उदानको अन्त्यसँगै आश्चर्यपूर्वक सम्पूर्ण पृथ्वी नै हल्लाउने गरी ठूलो भूकम्प आएझैं हल्लियो। जंगलका बोट विरूवा फुलहरू एकाएक फुल्न थाल्यो। विभिन्न देवलोकका देवदेवीहरूले पनि हर्षोल्लासका साथ जय जयकार गर्दै पुष्पमालय देवलोकबाट छर्केका थिए। साथसाथै देवताहरूबाट यस्तो उद्गार भयो - "संसारमा सम्यक् सम्बुद्धको उत्पत्ति भयो।"

जसरी सिद्धार्थ गौतम बुद्धले सम्पूर्ण मारविजय प्राप्त गरी बुद्ध हुनुभयो, बिहीबार जन्मने व्यक्तिले आदर गौरबका साथ समाधी मुद्राको बुद्ध प्रतिमा अगाडि रतन सुत्त १९ पटक पाठ गरेमा जीवन मंगलमय भइ आयु, वर्ण, सुख र बल बृद्धि हुनेछ। समयको अभाव भएमा छोटकरीमा "पणिधानतो पट्ठाय ............ परित्तं तं भणाम हे।" सम्ममात्र १९ पटक पाठ गरे पनि हुनछ।

## पूजा गर्ने विधि

१. १९ वटा धूप बाल्ने
२. १९ पटक उत्तर दिशा फर्केर पाठ गर्ने।

## गाथा

पणिधानतो पट्ठाय तथागतस्स दस पारमियो, दस उपपारमियो, दस परमत्थ पारमियो'ति। समतिंस पारमियो पञ्चमहापरिच्चागे, लोकत्थ चरियं ञातत्थचरियं बुद्धत्थ चरियन्ति, तिस्सो चरियायो पच्छिमभवे गब्भवोक्कन्तिं, जातिं, अभिनिक्खमनं, पधानचरियं, बोधिपल्लङ्के मारविजयं, सब्बञ्ञुतञ्ञाणपटिवेधं, धम्मचक्कप्पवत्तनं नव लोकुत्तर धम्मेति सब्बेपि मे बुद्ध गुणे आवज्जेत्वा वेसालिया तोसु पाकारन्तेसु तियामरत्तिं परित्तं करोन्तो आयस्मा आनन्दत्थेरो विय कारञ्ञ चित्तं उपट्ठपेत्वा।

कोटिसत सहस्सेसु चक्कवालेसु देवता।
यस्साणं पटिग्गण्हन्ति, यञ्च वेसालिया पुरे॥
रोगा-मनुस्सदुब्भिक्खं, सम्भूतं तिविधं भयं।
खिप्प मन्तरधापेसि, परित्तं तं भणाम हे॥

यानीध भूतानि समागतानि, भुम्मानि वा यानिव अन्तलिक्खे।
सब्बेव भूता सुमना भवन्तु, अथोपि सक्कच्च सुणन्तु भासितं॥१॥



Downloaded from http://www.dhamma.digital

तस्मा हि भूता निसामेथ सब्बे, मेत्तं करोथ मानुसिया पजाय ।
दिवा च रत्तो च हरन्ति ये बलिं, तस्मा हि ने रक्खथ अप्पमत्ता ॥२॥

यं किञ्चि वित्तं इधं वा हुरं वा, सग्गेसु वा यं रतनं पणीतं ।
ननो समं अत्थि तथागतेन, इदम्पि बुद्धे रतनं पणीतं ।
एतेन सच्चेन सुवत्थि होतु ॥३॥

खयं विरागं अमतं पणीतं, यदज्झगा सक्यमुनी समाहितो ।
न तेन धम्मेन समत्थि किञ्चि, इदम्पि धम्मे रतनं पणीतं ।
एतेन सच्चेन सुवत्थि होतु ॥४॥

यं बुद्धसेट्ठो परिवण्णयी सुचिं, समाधिमानन्तरिकञ्ञमाहु ।
समाधिना तेन समो न विज्जति, इदम्पि धम्मे रतनं पणीतं ।
एतेन सच्चेन सुवत्थि होतु ॥५॥

ये पुग्गला अट्ठसतं पसट्ठा, चत्तारि एतानि युगानि होन्ति ।
ते दक्खिणेय्या सुगतस्स सावका, एतेसु दिन्नानि महप्फलानि ।
इदम्पि संघे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु ॥६॥

ये सुप्पयुत्ता मनसा दल्हेन, निक्कामिनो गोतमसासनम्हि ।
ते पत्तिपत्ता अमतं विगह्य, लद्धा मुधा निब्बुतिं भुञ्जमाना ।
इदम्पि संघे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु ॥७॥

यथिन्दखीलो पथविंसितो सिया, चतुब्भि वातेहि असम्पकम्पियो ।
तथूपमं सप्पुरिसं वदामि, यो अरिय सच्चानि अवेच्च पस्सति ।
इदम्पि संघे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु ॥८॥

ये अरियसच्चानि विभावयन्ति, गम्भीरपञ्ञेन सुदेसितानि ।
किञ्चापि ते होन्ति भुसप्पमत्ता, न ते भवं अट्ठममादियन्ति ।
इदम्पि संघे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु ॥९॥

सहावस्स दस्सनसम्पदाय, तयस्सु धम्मा जहिता भवन्ति ।
सक्कायदिट्ठि विचिकिच्छितञ्च, सीलब्बतं वापि यदत्थि किञ्चि ।
चतूहपायेहि च विप्पमुत्तो, छचाभिठानानि अभब्बकातुं ।
इदम्पि संघे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु ॥१०॥



Downloaded from http://www.dhamma.digital

किञ्चापि सो कम्मं करोति पापकं, कायेन वाचा उद चेतसा वा ।
अभब्बो सो तस्स पटिच्छादाय, अभब्बता दिट्ठपदस्स वुत्ता ।
इदम्पि संघे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु ॥११॥

वनप्पगुम्बे यथाफुस्सितग्गे, गिम्हानमासे पठमस्मिं गिम्हे ।
तथुपमं धम्मवरं अदेसयि, निब्बानगामिं परमं हिताय ।
इदम्पि बुद्धे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु ॥१२॥

वरो वरञ्ञू वरदो वराहरो, अनुत्तरो धम्मवरं अदेसयि ।
इदम्पि बुद्धे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु ॥१३॥

खीणं पुराणं नवं नत्थि सम्भवं, विरत्तचित्तायतिके भवस्मिं ।
ते खीणबीजा अविरूल्हिच्छन्दा, निब्बन्ति धीरा यथायम्पदीपो
इदम्पि संघे रतनं पणीतं, एतेन सच्चेन सुवत्थि होतु ॥१४॥

यानीध भूतानि समागतानि, भुम्मानि वा यानिव अन्तलिक्खे ।
तथागतं देवमनुस्स पूजितं, बुद्धं नमस्साम सुवत्थि होतु ॥१५॥

यानीध भूतानि समागतानि, भुम्मानि वा यानिव अन्तलिक्खे ।
तथागतं देवमनुस्स पूजितं, धम्मं नमस्साम सुवत्थि होतु ॥१६॥

यानीध भूतानि समागतानि, भुम्मानि वा यानिव अन्तलिक्खे ।
तथागतं देवमनुस्स पूजितं, संघं नमस्साम सुवत्थि होतु ॥१७॥

## अर्थ

उनी भगवान् बुद्धले सुमेध तपस्वीको जन्ममा प्रार्थना गरेदेखि आरम्भ गरेर दश पारमिता, दश उपपारमिता, दश परमार्थपारमिता जम्मा गरी तीस पारमिता पूर्ण गरी पँच महात्याग गरी लोकार्थ चर्या, ज्ञातिहरूलाई गर्नुपर्ने चर्या र बुद्धार्थ चर्या यी तीनै चर्या पूर्ण गरी पछिल्लो जन्ममा माताको गर्भमा प्रवेश, जन्म, महाभिनिष्क्रमण, कठोर तपस्या, बोधिवृक्षको मूलमा मार विजय, सर्वज्ञता ज्ञान लाभ, धर्मचक्र प्रवर्तन र नव लोकोत्तर धर्म प्रचार इत्यादि सबै प्रकारको भगवान् बुद्धको गुण स्मरण गरी बैशाली नगरको तीन तह प्रकार (पर्खाल) मा रातभर परित्राण पाठ गर्ने आयुष्मान् आनन्द स्थविरको जस्तै करूणापूर्ण चित्त लिएर ।

जसको आदेशलाई सय हजार कोटि चक्रवालका देवताहरूले पालन गर्थे



Downloaded from http://www.dhamma.digital

तथा जसको प्रभावले बैशाली नगरमा रोग, अमनुष्यद्वारा हुने उपद्रव र दुर्भिक्षबाट उत्पन्न हुने तीन प्रकारको दुःख र भय चाँडै नै हटेर गएको थियो। हामी पनि त्यस परित्राणलाई पाठ गर्दछौं।

यस बखतमा यस पृथ्वीमा वा अन्तरिक्षमा जति पनि भूत (अमनुष्य) हरू उपस्थित छन्, उनीहरू सबैको चित्त प्रसन्न होऊन् र हाम्रो यस कुरालाई ध्यानपूर्वक सुनून् ॥१॥

सबै भू (अमनुष्य) हरू दत्तचित्त होऊन्, जसबाट उनीहरू दिन रात बलि लिन्छन्, ती मनुष्य मात्रको प्रति, दत्तचित्त भएर मैत्री गरून् र अप्रमादी बनेर उनीहरूको रक्षा गरून् ॥२॥

यस लोकमा र परलोकमा जे जति सम्पत्ति छन्, फेरि स्वर्गमा अनर्ध रत्न छन् ती कुनै रत्न पनि बुद्धरत्न समान श्रेष्ठ छैनन्। बुद्धमा यही उत्तम रत्नत्त्व छन्, यो सत्यद्वारा कल्याण होस् ॥३॥

समाहित चित्त शाक्यमुनिले वासनालाई क्षण गरेर विराग अमृत रूपी निर्वाण धर्म प्राप्त गर्नुभयो। त्यस धर्मको जोडा कुनै धर्म छैन, धर्ममा यही उत्तम रत्नत्त्व छन्। यो सत्यद्वारा कल्याण होस् ॥४॥

परम श्रेष्ठ भगवान् बुद्धले जुन पवित्र समाधि उपदेश दिनुभएको थियो, फेरि जसको फल अभ्यास गर्ने बित्तिकै प्राप्त हुन्छ। ती समाधि समान अर्को कुनै समाधि छैन, धर्ममा यही उत्तम रत्नत्त्व छन्। यो सत्यद्वारा कल्याण होस् ॥५॥

जुन आठ पुद्गलको बुद्धले प्रशंसा गर्नुहुन्छ, जुन मार्ग र फलको हिसाबले चार जोडा हुन्छ, उनी सुगत बुद्धका श्रावक हुन् तथा दक्षिणा दिन योग्य हुन्। यिनलाई दान दिंदा महाफल प्राप्त हुन्छ। श्रावक संघमा यही उत्तम रत्नत्त्व छन्। यो सत्यद्वारा कल्याण होस् ॥६॥

जो तृष्णा रहित भएर दृढचित्तले गौतम बुद्धको धर्ममा रत भैरहेको छ। उनले प्राप्त गरेको अमृतमा डुबुल्कि मारेर बिमुक्ति रसको स्वाद लिन्छन्। संघमा यही उत्तम रत्नत्त्व छन्। यो सत्यद्वारा कल्याण होस् ॥७॥

जस्तो जमीनमा गाडेको इन्द्रकील (स्तम्भ) लाई चारै दिशाको हावाले कम्प गराउन सक्दैन, उस्तै जसले चार आर्य सत्यलाई प्रज्ञाद्वारा यथार्थ दर्शन गरिराखेका छन्। उनी सत्पुरूषलाई स्थीर भएको भन्दछन्। संघमा यही उत्तम रत्नत्त्व छन्। यो सत्यद्वारा कल्याण होस् ॥८॥

गम्भीर– प्रज्ञावान् बुद्धले उपदेश गर्नुभएको आर्य सत्यलाई जसले राम्रोसँग



Downloaded from http://www.dhamma.digital

बोध गरिराखेको छ। उनले प्रमादी भए पनि आठ पटक जन्म ग्रहण गर्नुपर्दैन, अर्थात्, सातौं जन्ममा नै मुक्त भएर जान्छ। संघमा यही उत्तम रत्नत्त्व छन्। यो सत्यद्वारा कल्याण होस् ॥९॥

श्रोतापन्न व्यक्तिलाई दर्शन (सम्यक् दृष्टि) लाभ हुनासाथ तीन बन्धन छुटेर जान्छन्– सत्काय दृष्टि चिकित्सा शीलब्रत परामर्श। उनी चार अपाय दुर्गतिबाट मुक्त हुन्छन् र छ प्रकारका घोर पापकर्मको आचरण कहिल्यै नगर्ने हुन्छन्। संघमा यही उत्तम रत्नत्त्व छन्। यो सत्यद्वारा कल्याण होस् ॥१०॥

यदि काय, वाक्, चित्तले कुनै पाप गरे पनि उनी श्रोतापन्न व्यक्तिले कहिल्यै त्यसलाई लुकाउँदैन। किनभने बुद्धले भन्नुभएका छन् कि – निर्वाणदर्शीलाई कुनै लुकाउनु पर्ने रहस्य रहँदैन। संघमा यही रत्नत्त्व छन्। यो सत्यद्वारा कल्याण होस् ॥११॥

बसन्त ऋतुको आरम्भमा वन–उपवन प्रफुल्लित भएर जस्तो सुन्दर हुन्छ। त्यस्तै बुद्धले श्रेष्ठ निर्वाण प्राप्त गराउने र परमहितकारी धर्म उपदेश गर्नुभयो, बुद्धमा यही उत्तम रत्नत्त्व छन्। यो सत्यद्वारा कल्याण होस् ॥१२॥

श्रेष्ठ हुनुभएका, श्रेष्ठ निर्वाणका ज्ञाता, श्रेष्ठ धर्मदाता, श्रेष्ठमार्ग देखाउने, श्रेष्ठ लोकोत्तर बुद्धले उत्तम उपदेश दिनुभएको छ। बुद्धमा यही उत्तम रत्नत्त्व छन्। यो सत्यद्वारा कल्याण होस् ॥१३॥

सारा पुराना कर्म क्षीण भैसक्यो, नयाँ कर्म बन्दैन। उनको चित्त पुनर्जन्मदेखि बिरक्त भैसक्यो, क्षीण वीज, तृष्णाबाट सर्वथा मुक्त भएका, उनी अर्हतहरू तेल सिद्धिएको प्रदीप झैं निर्वाण प्राप्त गर्दछन्। संघमा उही उत्तम रत्नत्त्व छन्। यो सत्यद्वारा कल्याण होस् ॥१४॥

पृथ्वी र आकाशमा रहेका यहाँ हामी जति जीवधारी उपस्थित छौं सबै मिलेर उनी देव मनुष्यद्वारा पूजित बुद्धलाई नमस्कार गर्दछौं। यो सत्यद्वारा कल्याण होस् ॥१५॥

पृथ्वी र आकाशमा रहेका यहाँ हामी जति जीवधारी उपस्थित छौं। सबै मिलेर उनी देव मनुष्यद्वारा पूजित बुद्धको धर्मलाई नमस्कार गर्दछौं। कल्याण होस् ॥१६॥

पृथ्वी र आकाशमा रहेका हामी यहाँ जति जीवधारी उपस्थित छौं। सबै मिलेर उनी देव मनुष्यद्वारा पूजित बुद्धका शिष्य संघलाई नमस्कार गर्दछौं। कल्याण होस् ॥१७॥



Downloaded from http://www.dhamma.digital

छोटकरीमा : भसम्सम्विसदेभ १९ पटक पाठ गर्ने

मंगल दिशा : उत्तर दिशा

अमंगल दिशा : पश्चिम दक्षिण दिशा

मंगल रंग : रातो

अमंगल रंग : कालो, गुलाफी, चाँदी

परिवार रंग : रातो

मंगल दिन : बुध, शुक्र, आइत

अमंगल दिन : शनिबार

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# शुक्रबार
# विचारमग्न बुद्ध





Downloaded from http://www.dhamma.digital

# शुक्रबार
# विचारमग्न बुद्ध प्रतिमा

## मुद्राको लक्षण

नयनहरूले अगाडि हेरेर, दायाँ हात बायाँ हात माथि राखेर दुवै हात छातीमा घोप्टो पारेर शान्त रूपले उभिराख्नु भएको बुद्ध प्रतिमा।

## प्रवेश

बोधिज्ञान लाभ पश्चात भगवान बुद्ध बोधि मण्डप वरिपरि ७ हप्तासम्म विभिन्न आसन ग्रहण गरी धर्महरूको बारेमा कृतज्ञ भएर विचार विमर्श गरिरहनु भएको थियो। जब उहाँ अजपाल निग्रोध स्थानको रूखमुनि विराजमान भएर बोधि धर्म लाभको विषयमा स्मरण गर्दै रहनुभएको थियो तब "यो धर्म अति गम्भिर र गहिरो छ, मोहमा भुलिराखेका मानिसहरूले यो धर्मलाई बुझ्न सक्ने छैन। त्यसैले यो गहन धर्म नसिकाउनु नै बेश हुनेछ।" भनि विचार गरिरहनु भएको थियो।

भगवान बुद्धको यो विचार ब्रह्मलोकमा अप्पमञ्ञा ब्रह्मलोकमा ब्रह्मविहार धर्म गरिराख्नु भएका सहम्पत्ति ब्रह्मले बुझ्नु भयो। यदि भगवान बुद्धले धर्म प्रचार गर्नु भएन भने यो संसारलाई धेरै नै हानी हुनेछ भन्ने सोचेर देवगणहरू सहित अजपाल निग्रोध रूखमुनि विराजमान भगवान बुद्धको दर्शनार्थ आउनु भयो। बुद्धलाई स-श्रद्धा अभिवादन गरिसकेपछि - "भगवान र यो संसारमा क्लेश कम भएका सत्त्वहरू पनि छन्। तपाईंको धर्म सुनेर बोधी ज्ञान लाभ गर्न सक्ने क्षमता भएका सत्त्वहरू पनि छन्। त्यसैले हे मारविजय देव मनुष्यका शास्ता सबैको भलोको लागि अनुकम्पा राखी देशना गर्नुहोस्।"

सहम्पत्ति ब्रह्माले गर्नुभएको विन्तिलाई स्वीकार्दै विगतका बुद्धहरूले के गर्नु हुन्थ्यो भनेर स्मरण गर्नुभयो। विगतका बुद्धहरूले बोधिज्ञानलाई मनुष्यको हितसुखको लागि देशना गरी सकेपछि मात्र परिनिर्वाण भएर जानु हुन्थ्यो। मानिसहरूको विभिन्न उपनिश्रयहरू हुन्छन्। कसैलाई बुझाउन समय लाग्ने वा गाऱ्हो हुन्छ। कसैलाई बुझाउन सजिलो हुन्छ। वीर्य, स्मृति, समाधि र प्रज्ञाले परिपूर्ण भएका सत्त्वहरू मोक्खधर्म निर्वाणसम्म प्राप्त गर्न सक्छन्। यति विचार गरेर मानिसहरूको उपनिश्रयलाई कमलको फूलसँग तुलना गर्नुभयो।

१. कुनै कमलको फूल पानी भित्र डुब्छ।
२. कुनै कमलको फूल पानीको भू-भागसम्म उम्रन्छ।



Downloaded from http://www.dhamma.digital

३. कुनै कमलको फूल पानीको सतहभन्दा माथि उठ्छ ।
४. पानीभन्दा माथि उठिसकेका कमलका फूल घामसँगै फुल्छ ।
५. पानीको भूभागसम्म उठेका कमलका फूलहरू कुनै बेला पनि उठेर फुल्न सक्छ ।
६. पानीमुनि डुबेको कमलको फूल फुल्न अलि बढी समय लाग्छ ।

जसरी यो कमलको फूल फुल्ने कार्य स्वभाविक प्राकृतिक धर्म हो, त्यसरी नै मानिसहरूको स्वभाव पनि स्वभाविक नै हुन् । यस्तो करूणामय बोधिज्ञानलाई सम्पूर्ण सत्त्वहरूको सुख, शान्ति र हितको लागि प्रचार गर्ने अधिस्थान गर्नु भयो ।

शुक्रबारको दिन जन्मेका मानिसहरूले स-श्रद्धा विचारमग्न बुद्ध प्रतिमालाई पूजा गरेमा जीवनमा सुख, शान्ति र भय विघ्न बाधाहरूबाट छुट्कारा पाउने छ । उक्त दिन जन्मेका मानिसहरूले धजग्ग सूत्र २१ पटक उच्चारण गरेमा पुण्यको आनिशंस धार्मिक रूपमा मनोकामना पूर्ण हुनेछन् । गुरुआचार्यहरूले बुद्धानुसतिको रूपमा निर्धारित गर्नुभएको छ । समयको अभाव भएमा "यस्सानुस्सरणेनापि अन्त लिक्खेपिपाणिनो ............ परित्तंतं भणाम हे" सम्म पाठ गरे पनि हुन्छ ।

### पूजा गर्ने विधि

१. धूप २१ वटा

२. पूर्व दिशा फर्केर निम्न गाथा २१ पटक पाठ गर्ने ।

## गाथा

यस्सानुस्सरणेपि अन्तलिक्खेपि पाणिनो ।
पतिट्ठं अधिगच्छन्ति भूमियं विय सब्बदा ॥

सब्ब उपद्दव जालम्हा यक्ख चोरादि सम्भवा ।
गणना नच मुत्तानं, परित्तं तं भणाम हे ॥
एवं मे सुतं एकं समयं भगवा सावत्थियं विहरति जेतवने अनाथपिण्डिकस्स आरामे ।
तत्र खो भगवा भिक्खू आमन्तेसि भिक्खवो ति भद्दन्तेति ते भिक्खू भगवतो पच्चसोसुं । भगवा एतदवोच -



Downloaded from http://www.dhamma.digital

भूत पुब्बं भिक्खवे देवा सुर सङ्गामो समुपब्बूल्हो अहोसि। अथ खो भिक्खवे सक्को देवानमिन्दो देवे तावतिंसे आमन्तेसि सचे मारिसा देवानं सङ्गामगतानं उपज्जेय्य भयं वा छम्भितत्तं वा लोमहंसो वा ममेव तस्मिं समये धजग्गं उल्लोकेय्याथ। ममं हि वो धजग्गं उल्लोकयतं यं भविस्सति भयं वा छम्भितत्तं वा लोमहंसो वा सो पहीयिस्सति ॥१॥

नो चे मे धजग्गं उल्लोकेय्याथ। अथ पजापतिस्स देवराजस्स धजग्गं उल्लोकेय्याथ। पजापतिस्स हि वो देवराजस्स धजग्गं उल्लोकयतं यं भविस्सति भयं वा छम्भितत्तं वा लोमहंसो वा सो पहीयिस्सति ॥२॥

नो चे पजापतिस्स देवराजस्स धजग्गं उल्लोकेय्याथ। अथ वरूणस्स देवराजस्स धजग्गं उल्लोकेय्याथ। वरूणस्स हिवो देवराजस्स धजग्गं उल्लोकयतं यं भविस्सति भयं वा छम्भितत्तं वा लोमहंसो वा सो पहीयिस्सति ॥३॥

नो चे वरूणस्स देवराजस्स धजग्गं उल्लोकेय्याथ। अथ ईसानस्स देवराजस्स धजग्गं उल्लोकेय्याथ। ईसानस्स हि वो देवराजस्स धजग्गं उल्लकयतं यं भविस्सति भयं वा छम्भितत्तं वा लोमहंसो वा सो पहीयिस्सतीति ॥४॥

तं खो पन भिक्खवे सक्कस्स "वा देवानमिन्दस्स धजग्गं उल्लोकयतं, पजापतिस्स वा देवराजस्स धजग्गं उल्लोकयतं, वरूणस्स वा देव राजस्स धजग्गं उल्लोकयतं, ईसानस्स "वा देवराजस्स धजग्गं उल्लोकयतं यं भविस्सति भयं वा छम्भितत्तं वा लोमहंसो वा सो पहीयेथापि नो पहीयेथ ॥५॥

तं किस्स हेतु ? सक्को हि भिक्खवे र देवानमिन्दो अवीत रागो, अवीतदोसो, अवीतमोहो, भीरूच्छम्ही उत्रासी पलायीति ॥६॥

अहञ्च खो भिक्खवो र एवं वदामि-सचे तुम्हाकं भिक्खवे अरञ्ञ-गतानं वा, रूक्ख-मूल-गतानं वा सुञ्ञगार-गतानं वा उपज्जेय्य भयं वा छम्भितत्तं वा लोमहंसो वा ममेव तस्मिं समये अनुस्सरेय्याथ, इतिपि सो भगवा अरहं सम्मसम्बुद्धो, विज्जाचरण सम्पन्नो सुगतो लोकविदु अनुत्तरो पुरिसदम्म सारथी सत्था देवमनुस्सानं बुद्धो भगवा'ति ॥७॥

ममं हि वो भिक्खवे र अनुस्सरतं यं भविस्सति भयंवा छम्भितत्तं वा लोमहंसोवा, सो पहीयिस्सति ॥८॥



Downloaded from http://www.dhamma.digital

नो चे मं अनुस्सरेय्याथ, अथ धम्मं अनुस्सरेय्याथ "स्वाक्खातो भगवता धम्मो सन्दिट्ठिको, अकालिको, एहिपस्सिको, ओपनयिको पच्चत्तं वेदितब्बो विञ्ञूही ति ।

धम्मं हि वो भिक्खवे र अनुस्सरतं यं भविस्सति भयं वा छम्भितत्तं वा लोमहंसो वा, सो पहीयिस्सति ॥९॥

नो चे धम्मं अनुस्सरेय्याथ । अथ संघं अनुस्सरेय्याथ सुपतिपन्नो भगवतो सावक संघो, उजुपटिपन्नो भगवता सावक संघो, ञायपटिपन्नो भगवतो सावक संघो, सामीचिपटिपन्नो भगवतो सावक संघो, यदिदं चत्तारि पुरिस युगानि अट्ठपुरिस पुग्गला, एस भगवतो सावक संघो, आहुनेय्यो, पाहुनेय्यो, दक्खिणेय्यो, अञ्जलिकरणीयो, अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्सा ति ।

संघं हि वो भिक्खवे र अनुस्सरतं यं भविस्सति भयं वा छम्भितत्तं वा लोमहंसो वा, सो पहीयिस्सति ॥१०॥

तं किस्स हेतु ? तथागतो हि भिक्खवे र अरहं सम्मासम्बुद्धो वीतरागो वीतदोसो वीतमोहो अभीरू अच्छम्भी अनुत्रासी अपलायी ति । इदमोवो च भगवा इदं वत्वान सुगतो अथापरं एतदवोच सत्था ॥११॥

अरञ्ञे रूक्खमूले वा सुञ्ञागारेव भिक्खवो ।
अनुस्सरेथ सम्बुद्धं भयं तुम्हाकं नो सिया ॥१२॥

नो चे बुद्धं सरेय्याथ लोकजेट्ठं नरा सभं ।
अथ धम्मं सरेय्याथ निय्यानिकं सुदेसितं ॥१३॥

नो चे धम्मं सरेय्याथ निय्यानिकं सुदेसितं ।
अथ संघं सरेय्याथ पुञ्ञक्खेत्तं अनुत्तरं ॥१४॥

एवं बुद्धं सरन्तानं धम्मं संघं च भिक्खवो ।
भयं वा छम्भितत्तं वा लोमहंसो न हेस्सति ॥१५॥



Downloaded from http://www.dhamma.digital

# अर्थ

यसरी मैले सुनेको छु, एक समय भगवान् श्रावस्तीमा अनाथपिण्डिक सेंठको आराम जेतवनमा विहार गरी बस्नुभएको थियो । त्यहाँ भवगान्ले "हे भिक्षुगण !" भनी बोलाउनु भयो । भन्ते ! भनी ती भिक्षुहरूले भगवान्लाई उत्तर दिए, अनि भगवान्ले यसो भन्नुभयो– "हे भिक्षुगण ! पहिले गएको देवासुर संग्राम घनघोर रूपमा भएको थियो । हे भिक्षुगण ! त्यसबेला देवताका राजा शक्रदेव इन्द्रले तायतिंश देवताहरूलाई बोलाउनु भयो । मारिष र संग्राममा गइरहेका देवताहरूलाई डर लाग्ने, शीर कम्प हुने वा रौं ठाडो ठाडो हुने भयो भने त्यसबेला मेरो नै ध्वजाको टुप्पा हेर्नु । यो सत्य कुरा हो मेरो ध्वजाको टुप्पा हेरिरहने तिमीहरूलाई जुन डर लाग्ने, शरीर कम्प हुने वा रौं ठाडो ठाडो हुने हो, त्यो हटेर जान्छ ॥१॥

यदि मेरो ध्वजाको टुप्पा हेर्न सकिएन भने प्रजापति नाम गरेका देवराजको ध्वजाको टुप्पालाई हेर्नु, यो सत्य कुरा हो प्रजापति देवराजको ध्वजाको टुप्पा हेरिरहने तिमीहरूलाई डर लाग्ने शरीर कम्प हुने वा रौं ठाडो ठाडो हुने त्यो भय हटेर जान्छ ॥२॥

यदि प्रजापति नाम गरेका देवराजको ध्वजाको टुप्पा हेर्न सकिएन भने वरूण नाम गरेका देवराजको ध्वजाको टुप्पालाई हेर्नु । यो सत्य कुरा हो वरूण नाम गरेका देवराजको ध्वजाको थुप्पालाई हेर्ने तिमीहरूलाई डर लाग्ने, शरीर कम्प हुने, रौं ठाडो ठाडो हुने भय हटेर जान्छ ॥३॥

यदि वरूण नाम गरेका देवराजको ध्वजाको टुप्पा हेर्न सकिएन भने ईशान नाम गरेका देवराजको ध्वजाको टुप्पालाई हेर्नु यो सत्य कुरा हो– ईशान नाम गरेका देवराजको ध्वजाको टुप्पालाई हेर्ने तिमीहरूलाई डर लाग्ने, शरीर कम्प हुने, रौं ठाडो ठाडो हुने त्यो भय हटेर जान्छ ॥४॥

हे भिक्षुगण ! देवताका राजा शक्रको त्यो ध्वजाको टुप्पा हेरिरहने ती देवताहरूलाई पनि प्रजापति नाम गरेका देवराजको ध्वजाको टुप्पालाई हेरिरहने ती देवताहरूलाई पनि, वरूण नाम गरेका देवराजको ध्वजाको टुप्पालाई हेरिरहने ती देवताहरूलाई पनि जुन डर लाग्ने, शरीर कम्प हुने, रौं ठाडो ठाडो हुने हुन्छ त्यो भय हटेर जान पनि सक्छ, नजान पनि सक्छ ॥५॥

त्यो कुन हेतुले ? भने हे भिक्षुगण ! देवताहरूका राजा शक्र देवेन्द्र राग रहित भएको छैन, द्वेष रहित भएको छैन, मोह रहित भएको छैन, कातर छन्, थर थर काम्ने गर्छन्, त्रास मान्छन्, भाग्न सक्छ ॥६॥



Downloaded from http://www.dhamma.digital

हे भिक्षुगण ! म यसो भन्छु । जङ्गलमा बसेका, रूपखुनि बसेका शून्य ठाउँमा बसेका तिमीहरूलाई यदि डर लाग्ने, शरीर कम्प हुने, रौं ठाडो ठाडो हुने भय उत्पन्न भयो भने त्यसबेला म तथागतको गुण अनुस्मरण गर्नु – उनी भगवान् अर्हत्, सम्यकसम्बुद्ध, विद्या र आचरणले युक्त सुगत, लोकविद्, अनुत्तर पुरूष दम्य सारथी, देवमनुष्यका शास्ता, बुद्ध भाग्यवान् हुनुहुन्छ ॥७॥

यो सत्य कुरा हो, हे भिक्षुगण र म तथागतको गुणलाई अनुस्मरण गर्ने तिमीहरूलाई जुन डर लाग्ने, शरीर कम्प हुने वा रौं ठाडो ठाडो हुने भय हो त्यो भए हटेर जान्छ ॥८॥

म तथागतको गुण यदि अनुस्मरण गर्न सकिएन भने मैले उपदेश दिई राखेको धर्मको गुणलाई यसरी स्मरण गर्नु – भगवान् बुद्धले देशना गर्नुभएको धर्म स्वाक्खात छ, ओपनयिक छ, विद्वान्हरूले आफैले अनुभव बोध हुन सकिने छ स्मरण गर्नु ।

यो सत्य कुरा हो, हे भिक्षुगण ! धर्मको गुणलाई अनुस्मरण गर्ने तिमीहरूलाई जुन डर लाग्ने, शरीर कम्प हुने, रौं ठाडो हुने भय हुने हो त्यो हटेर जान्छ ॥९॥

यदि धर्मको गुण अनुस्मरण गर्न सकिएन भने यसरी संघको गुणलाई अनुस्मरण गर्नु – भगवान् बुद्धका श्रावक संघहरू सुप्रतिपन्न छन्, निर्वाण प्रतिपन्न छन्, सामीचि प्रतिपन्न छन् । उनी संघ मार्ग र फलको हिसाबले चार जोडा वा आठ पुद्गल छन् । भगवान्का उनी श्रवाक संघहरू आमन्त्रण गर्न योग्य, पाहुना सत्कार गर्न योग्य, दक्षिणा दिन योग्य, हात जोडी बिन्ति गर्न योग्य तथा तीनैलोकका अनुत्तर पुण्य रोप्ने असल क्षेत्र समान हुनुहुन्छ ।

यो कुरा सत्य हो । हे, भिक्षुगण र संघको गुणलाई अनुस्मरण गर्ने तिमीहरूलाई जुन डर लाग्ने, शरीर कम्प हुने वा रौं ठाडो ठाडो हुने भय हुने हो त्यो भय हटेर जान्छ ॥१०॥

त्यो किनभने – हे भिक्षुगण ! तथागत अर्हत् सम्यक्सम्बुद्ध राग रहित हुनुहुन्छ, द्वेष रहित हुनुहुन्छ, मोह रहित हुनुहुन्छ, नडराउने, नकाम्ने, नतर्सिने, नभाग्ने, हुनुहुन्छ । भगवान्ले यस्तो भन्नुभयो ॥११॥

सुगतले यो भन्नु भएपछि फेरि भन्नुभयो – “हे भिक्षुगण ! जङ्गलमा वा रूखमुनि वा सून्य ठाउँमा सम्बुद्धको गुण तिमीहरूले स्मरण गर्नु, तिमीहरूलाई भय हुँदैन ॥१२॥



Downloaded from http://www.dhamma.digital

लोकमा जेष्ठ हुनु भएका, नरमध्ये उत्तम हुनुभएका बुद्ध भगवान्‌को गुणलाई सम्झन सकेन भने यसरी संसार पार लाग्ने राम्रोसँग देशना गरी राखेका धर्मको गुण स्मरण गर्नु ॥१३॥

संसारबाट पार लाग्ने, राम्रोसँग देशना गरिराखेको धर्मको गुणलाई यदि सम्झन सकिएन भने अनुत्तर पुण्यबीज रोप्न अति उत्तम क्षेत्र समान संघको गुणलाई स्मरण गर्नु ॥१४॥

हे भिक्षुगण ! यसरी बुद्ध गुणलाई, धर्म गुणलाई, संघ गुणलाई अनुस्मरण गरिरहने तिमीहरूलाई जुन डरलाग्ने, शरीर कम्प हुने वा रौं ठाडो ठाडो हुने हो त्यो हुँदैन ॥१५॥

## छोटकरीमा वाधोनोअममवा २१ पटक पाठ गर्ने

| | |
|---|---|
| मंगल दिशा | : पूर्व |
| अमंगल दिशा | : उत्तर पश्चिम (बायब्ब) |
| मंगल रंग | : गुलाफी |
| अमंगल रंग | : आकासे रंग |
| परिवार रंग | : कैलो |
| मंगल दिन | : सोम, मंगल, बिही |
| अमंगल दिन | : बुध (राती) |

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# शनिबार
# नागछत्रे समाधि बुद्ध





Downloaded from http://www.dhamma.digital

# शनिबार
# नागछत्रे समाधि बुद्ध प्रतिमा

**मुद्राको लक्षण**

समाधिमा बस्नु भएको, बायाँ हातमाथि दायाँ हात उत्तानो रूपले काखमा राख्नु भएको, पछाडि ७ टाउके नागले छाताभैं ओढेको भगवान बुद्ध नागको शरीरको आसनमा देशना गर्न बस्नु भएको बुद्ध प्रतिमा ।

**प्रवेश**

चार आर्यसत्यलाई पूर्ण रूपमा ज्ञात गर्नुभएको दिनदेखि उहाँलाई बुद्ध भनिन्छ । यसरी बोधिज्ञान लाभ पश्चात विमुक्ति सुखमा विभिन्न स्थान र इरियापदमा बोधिमण्डल वरिपरि बस्नु भएको थियो । एक स्थानमा सात दिन बस्ने गरी सातवटा स्थानहरूमा विमुक्ति सुखमा रहनु भएको थियो । यसै क्रममा छैठौं सप्ताहमा अजपाल निग्रोधमा विमुक्ति सुखमा विहार गर्नु भएपछि मुचलिन्द स्थानमा विमुक्ति सुखको लागि जानुभयो । उक्त स्थानमा सातदिनसम्म समापत्ति ध्यानमा बस्नु भएको थियो । यसरी समापत्ति ध्यानमा विहार गरिराख्नुभएको समयमा ठूलो हुरी बतासँगै मुसलधारी पानी परेको थियो । 'मुचलिन्द तालमा बस्नु भएका नागराजालाई भगवान बुद्ध पानीले भिज्नु हुनेछ । चिसोले दुःख दिनेछ । अरू किरा फट्याङ्ग्राहरूले दुःख दिनेछन् । त्यसो भएमा मेरो विनास हुनेछ ।' भनेर सोच्नु भयो । त्यसपछि तालबाट बाहिर आएर आफ्नो शरीरलाई घुमाएर भगवानलाई राख्नुभयो र आफ्नो टाउकोहरूलाई फिजाएर भगवान बुद्धलाई कुनै एक पानीको थोपाले पनि दुःख नहुने गरी एक सप्ताहसम्म ओढाउनु भएको थियो । सातौं दिनमा वर्षा रोक्यो । मुचलिन्द नागराजा आफ्नो भेष फेरेर मानिस भएर भगवानलाई अभिवादन गरेर त्यो तलावमा अन्तरध्यान भएर जानुभयो । जोकोहि व्यक्ति शनिबारको दिनमा जन्मनु हुन्छ उनीहरूले यो नागले ओढाइ राखेको बुद्ध प्रतिमाको पूजा गर्नु धेरै मंगलमय हुनेछ । यो कार्यका लागि दश धूप बालेर दश पटकसम्म "यतो हं भगिनि" भन्ने गाथा पाठ गर्नु होला । यो कार्यको फल स्वरुप जीवनमा आउने भय अन्तरायदेखि दूर हुनेछ । सुख, शान्ति र समृद्धि जीवनमा छाउने छ ।



Downloaded from http://www.dhamma.digital

## पूजा गर्ने विधि

१. धूप १० वटा

२. उत्तर पूर्व फर्केर निम्न गाथा १० पटक पाठ गर्ने

### गाथा

परित्तं'यं भणन्तस्स निसिन्नट्ठानधोवनं ।
उदकम्पि विनासेति सब्बमेव परिस्सयं ॥

थेरस्संगुलिमालस्स लोकनाथेन भासितं ।
कप्पट्ठायिमहातेजं परित्तं तं भणाम हे ॥

यतोहं भगिनि अरियाय जातिया जातो नाभिजानामि सञ्चिच्च पाणं जीविता चोरोपेता तेन सच्चेन सोत्थि ते होतु सोत्थि गब्भस्साति ।

### अर्थ

यो परित्राण पाठ गर्ने स्थविरको आसन धोएको पानीले पनि सम्पूर्ण विघ्न नाश हुनेछ फेरि यो परित्राणको जल पिलाई दियो भने प्रसव वेदनाले ग्रस्त भइरहेकी जननीलाई सुविस्तासाथ चाँडै नै प्रसव हुनेछ । लोकनाथ हुनुभएका तथागतले अंगुलिमाल स्थविरलाई देशना गर्नुभएको महान तेज आनुभाव भएको कल्प भर (आयुकल्प) सम्म रहने परित्राणलाई हामी पाठ गर्छौं । "हे बहिनी ! मैले जुन समयदेखि आर्य उत्तम भावले जन्म हुनेमा सजन्म भएँ, त्यसबेलादेखि नै प्राणघात गर्ने इच्छाले कुनै प्राणीलाई हिंसा गरेको छैन । यो सत्य वचनको प्रभावले तिमीलाई सुख आनन्द होस् । फेरि गर्भमा रहेका सत्त्व (बालक) लाई पनि (सुविस्ता) सुख आनन्द होस् ।


### छोटकरीमा : सोमाणकरिठाधो १० पटक पाठ गर्ने ।

| | |
|---|---|
| मंगल दिशा | : उत्तर पूर्व |
| अमंगल दिशा | : दक्षिण |
| मंगल रंग | : आकासे |
| अमंगल रंग | : हरियो |
| परिवार रंग | : चाँदी, कालो, गुलाफी |
| मंगल दिन | : बुधबार राती, मंगल, शुक्र |
| अमंगल दिन | : बुध दिउँसो |



Downloaded from http://www.dhamma.digital

# बुधबार राती (राहु)
## पालेलैय्य बुद्ध





Downloaded from http://www.dhamma.digital

# बुधबार राती (राहु)
# पालेलैय्य बुद्ध प्रतिमा

## मुद्राको लक्षण

दुवै हातखुट्टाहरूले जमिनमा टेकेर आसनमा बसिराख्नु भएको बुद्ध प्रतिमा, दुवै घुँडामा अडेश लगाएर राख्नुभएको, दायाँ हात घोप्टो पारेर बाँया घुँडामा विश्राम गराउँदै रहेको बुद्ध प्रतिमा ।

## प्रवेश

भगवान बुद्धको समयमा कोसम्बीको घोसिताराम विहारमा ५००/५०० शिष्यहरूका साथ दुई जना भिक्षुहरू बसिराख्नु भएको थियो। एक जना विनयधर थिए भने अर्को धर्मधरमा प्रख्यात थिए । एक दिन दुई पक्षबीच विवाद उत्पन्न भयो । विवाद समाधन गर्न भगवान बुद्धले उक्त विहारमा गएर भिक्षुहरूलाई तीन पटकसम्म सम्झाउनु भयो । तर ती भिक्षुहरूले भगवान बुद्धको कुरा सुनेन् । त्यसपछि भगवान शास्ता विहार छोडेर रक्खित भन्ने वनमा विहार गर्न जानु भयो। वनमा पालेलैय्य भन्ने हात्ती बस्थ्यो । हात्तीले भगवान बुद्धको स्वागत गरी आफ्नो क्षमताले भ्याएसम्म भगवान बुद्धको सेवा गऱ्यो ।

उता भिक्षुहरूबीचको झगडा नगरमा एक कान दुई कान मैदान भएर आगो फैलिए झैं फैलियो। भिक्षुहरूको झगडाको कारण भगवान बुद्धले विहार छोडेर जानुभएको हो भनि नगरबासीहरूले ती भिक्षुहरूलाई अभिवादन पनि नगर्ने, भिक्षाटन पनि नदिने सल्लाह गरे । नगरबासीहरूले भिक्षा नदिएपछि भिक्षुहरूलाई दुःख, कष्ट हुन थाल्यो। शरीर कमजोर भएर दुब्लाउँदै गयो। अनि भिक्षुहरूलाई भगवानको कुरा नसुनेकोमा सन्ताप हुन थाल्यो। एक आपसमा क्षमायाचना गर्दै समान रूपमा मिलिजुली बस्न थाल्यो ।

रक्खित वनमा भगवान बुद्ध तीन महिनासम्म बस्नुभयो। त्यस समयमा पालेलैय्य भन्ने हात्तीले उहाँको हेरविचार र फलफूलहरू दान गर्ने गर्थ्यो । त्यसैगरी मकट नामक एउटा बाँदर पनि आएर उहाँको हेरविचार गर्न आएका थिए। हात्तीले गरेको सेवा सुसारलाई देखेर उसलाई पनि दान दिने मनसाय आयो । रूखमा भएको माहुरीको महचाकालाई लिएर दान गर्न आयो ।

भगवान त्यो महचाका देखेर मौन बस्नुभयो। त्यसमा माहुरीहरू अझसम्म जीवित भएकोले ग्रहण गर्नु भएन। बाँदरले माहुरी भएको थाहा पाएर ती



Downloaded from http://www.dhamma.digital

माहुरीहरूलाई धपाएर पुनः दान गर्नुभयो। त्यसपछि भगवान बुद्धले त्यो महचाका ग्रहण गर्नुभयो। त्यो बाँदर धेरै हर्षित भएर चल्न थाल्यो। एक रूखबाट अर्को रूखमा उफ्रिन थाल्यो। अचानक उसले समातेको हाँगा भाँचेर खस्यो र बाँदर त्यहिँ मऱ्यो । बाँदर मरेर तावतिंस देवलोकमा जन्म लियो ।

पालेलैय्य हात्तीले भगवान बुद्धलाई वर्षावास अन्त्यसम्म हेरविचार गऱ्यो। पवारणाका साथ भिक्षु आनन्दको निमन्त्रणामा भगवान बुद्ध कोसम्बिमा फर्कनु भयो। पालेलैय्य हात्तीले वनको अन्त्यसम्म छोड्न आयो। वनबाट बाहिर आउने समयमा भगवानले "हे पालेलैय्य ! तिमी यसै वनमा बस। मसँग आउनु पर्दैन। तथागत पनि पुनः फर्केर आउने छैन।" भगवानको यस्तो वचनले हात्ती त्यहि स्थानमा रोक्यो र आँखाले देखुञ्जेलसम्म भगवानको दर्शनार्थ उभेर बस्यो। पछि पालेलैय्यको देहान्त पश्चात तावतिंस देवलोकमा जन्म लिएका थिए।

कुनै व्यक्ति बुधबार रातीको प्रहरमा जन्म लिन्छन् अथवा आफ्नो जन्मदिन थाहा नभएकाहरूले यो बुद्ध प्रतिमाको पूजा गर्ने गरेमा सुख, शान्ति प्राप्त भई जीवन मंगलमय हुनेछ। बुधबारको दिन राती राहुगृहको बाहुल्यता भएकोले त्यसबाट छुटकारा पाउनको लागि बुद्धानुस्सतिको रूपमा पालेलैय्य भन्ने बुद्ध प्रतिमाको पूजा गर्ने गरेमा सबै गृह र भय अन्तरायहरू पार भएर जानेछ। यो बुद्ध प्रतिमाको पूजा दुईवटा गाथाहरू मध्ये कुनै गाथालाई १२ पटक पाठ गर्ने गरेमा
लाभ हुने, दीर्घायु, बलयुक्त र मंगलमयको भागिदार हुनेछ।

## पूजा गर्ने विधि :

१. धूप १२ वटा
२. पश्चिम उत्तर दिशा फर्केर १२ पटक पाठ गर्ने।

### गाथा १

अप्पसन्नेहि नाथस्स सासने साधु समन्ते।
अमनुस्सेहि चण्देहि सदा किब्बिस कारिभि॥

परिसानं चतस्सन्नं, अहिंसाय च गुत्तिया।
यं देसेसि महावीरो, परित्तं तं भणाम हे।
विपस्सिस्स च नमत्थु, चक्खुमन्तस्स सिरीमतो।



Downloaded from http://www.dhamma.digital

वेस्सभुस्स च नमत्थु, न्हातकस्स तपस्सिनो ।
नमत्थु ककुसन्धस्स, मार सेना पमद्दिनो ॥२॥

कोणागमनस्स नमत्थु, ब्राह्मणस्स बुसीमतो ।
कस्सपस्स च नमत्थु, विप्पमुत्तस्स सब्बधि ॥३॥

अङ्गीरसस्स नमत्थु, सक्यपुत्तस्स सिरीमतो ।
यो इमं धम्मं देसेसि, सब्ब दुक्खा पनूदनं ॥४॥

ये चापि निब्बुता लोके, यथाभूतं विपस्सिसुं ।
ते जना अपिसुणाथ, महन्ता वीत सारदा ॥५॥

हितं देव मनुस्सानं, यं नमस्सन्ति गोतमं ।
विज्जा चरण सम्पन्नं, महन्तं वीत सारदं ॥६॥

एते चञ्जे च सम्बुद्धा, अनेक सत कोटियो ।
सब्बे बुद्धा सम समा, सबबे बुद्धा महिद्धिका ॥७॥

सब्बे दस बलूपेता, वेसारज्जेहुपागता ।
सब्बे ते पटिजानन्ति, आसभण्ठानमुत्तमं ॥८॥

सीहनादं नदन्ते ते, परिसासु विसारदा ।
ब्रह्म चक्कं पवत्तेन्ति, लोके अप्पटिवत्तियं ॥९॥

उपेता बुद्ध धम्मेहि, अट्ठारसहि नायका ।
बात्तिंस लक्खणूपेता, सीतानुब्यञ्जना धरा ॥१०॥

व्यामप्पभाय सुप्पभा, सब्बे ते मुनि कुञ्जरा ।
बुद्धा सब्बञ्ञुनो एते, सब्बे खीणासवा जिना ॥११॥

महा पभा महा तेजा, महा पञ्ञा महब्बला ।
महा कारूणिका धीरा, सब्बेसानं सुखा वहा ॥१२॥

दीपा नाथा पतिट्ठा च, ताणा लेणा च पाणिनं ।
गतीबन्धू महेस्सासा, सरणा च हितेसिनो ॥१३॥

स देवकस्स लोकस्स, सब्बे एते परायणा ।
ते साहं सिरसा पादे, वन्दामि पुरिसुत्तमे ॥१४॥



Downloaded from http://www.dhamma.digital

वचसा मनसा चेव, वन्दामे'ते तथागते ।
सयने आसने ठाने, गमने चापि सब्बदा ॥१५॥

सदा सुखेन रक्खन्तु, बुद्धा सन्ति करा ममं ।
तेहि मं रक्खितो सन्तो, मुत्तो सब्ब भयेहि च ॥१६॥

सब्ब रोगा विनिमुत्तो, सब्ब सन्ताप वज्जितो ।
सब्ब वेर मतिक्कन्तो, निब्बुतो च ममं भव ॥१७॥

तेसं सच्चेन सीलेन, खन्ति मेत्ता बलेन च ।
ते पि अम्हे अनुरक्खन्तु, अ रोगेन सुखेन च ॥१८॥

पुरत्थिमस्मिं दिसा भागे, सन्ति भूता महिद्धिका ।
ते पि अम्हे अनुरक्खन्तु, अ रोगेन सुखेन च ॥१९॥

दक्खिणस्मिं दिसा भागे, सन्ति देवा महिद्धिका ।
तेपि अम्हे अनुरक्खन्तु, अ रोगेन सुखेन च ॥२०॥

पच्छिमस्मिं दिसा भागे, सन्ति नागा महिद्धिका ।
ते पि अम्कहे अनुरक्खन्तु, अ रोगेन सुखेन च ।२१॥

उत्तरस्मिं दिसा भागे, सन्ति यक्खा महिद्धिका ।
ते पि अहे अनुरक्खन्तु, अ रोगेन सुखेन च ॥२२॥

पुरत्थिमेन धतरट्ठो, खक्खिणेन विरूल्हको ।
पच्छिमेन विरूपक्खो, कुवेरो उत्तरं दिसं ॥२३॥

चत्तारो ते महा राजा, लोक पाला यसस्सिनो ।
तेपि अम्हे नुरक्खन्तु, अ रोगेन सुखेन च ॥२४॥

आकासट्ठा च भूम्मट्ठा, देवा नागा महिद्धिका ।
तेपि अम्हे नुरक्खन्तु, अरोगेन सुखेन च ॥२५॥

इद्धिमन्तो च ये देवा, वसन्ता इध सासने ।
तेपि अम्हे नुरक्खन्तु, अरोगेन सुखेन च ॥२६॥

सब्बीतियो विवज्जन्तु, सोको रोगो विनस्सतु ।
मा मे भवन्त्वन्तरायो, सुखी दीघायुको भव ॥२७॥



Downloaded from http://www.dhamma.digital

अभिवादन सीलिस्स, निच्चं वुड्ढापचायिनो ।
चत्तारो धम्मा वड्ढन्ति, आयु वण्णो सुखं बलं ॥२८॥

## अर्थ

तथागतको सद्धर्ममा अप्रसन्न भई सर्वदा दुष्ट चण्डाल भइरहेको अमनुष्य र यक्षगणहरूले तथागतको शासनमा रहेका परिषद्हरूलाई हिंसा गरी हिंडेको हुनाले महावीर हुनुभएका बौद्ध भगवानले उनीहरूको सुरक्षाको निम्ति यस परित्राणसूत्र देशना गर्नुभयो । त्यस परित्राणलाई हामी पनि पाठ गर्दछौं ।

उनी चक्षुमान तथा श्री सौभाग्ययुक्त 'विपश्वी' तथागतलाई नमस्कार छ । फेरि सम्पूर्ण लोकलाई दया गर्ने 'सिखी' तथागतलाई पनि नमस्कार छ ॥१॥

अकुशललाई परिशुद्ध गरी निर्मल तपश्चर्या गर्ने 'विश्वभू' तथागतलाई नमस्कार छ । फेरि सम्पूर्ण मार सेनालाई विजय गर्ने 'ककुछन्द' तथागतलाई पनि नमस्कार छ ॥२॥

अकुशल निर्मूल गरी पाँच प्रकारको वशीभावले संयुक्त हुनुभएका कनकमुनि तथागतलाई नमस्कार छ । फेरि सम्पूर्ण क्लेशबाट विमुक्त
हुनुभएका 'काश्यप' तथागतलाई पनि नमस्कार छ ॥३॥

जसले सम्पूर्ण दुःखलाई हटाउने यो धर्मदेशना गर्नुभयो उनी रश्मियुक्त श्री सौभाग्य ऐश्वर्यादि सम्पन्न, शाक्यकुमार हुनुभएका गौतम बुद्धलाई नमस्कार छ ॥४॥

लोकमा शान्त भइसक्नुभएका यथार्थदर्शी उनी तथागतहरूले चुक्लीवचन कहिल्यै बोल्नुभएन र महान उत्तम भई भय त्रासबाट पनि मुक्त हुनुभयो ॥५॥

तीन विद्या, आठ विद्या र पन्ध्र आचरण धर्मले सम्पन्न भै महान भयत्रासबाट मुक्त तथा देव मनुष्यहरूको हितकारी गौतम बुद्धलाई नमस्कार छ ॥६॥

उनी विपस्सी आदि सप्त तथागत र अनेक सतकोटि तथागतहरू, श्रावकहरू जस्तो नभई ती सबै समान र महान ऋद्धिवान हुनुहुन्छ ॥७॥

उनी सबै बुद्धहरू दशबल र चार वैशारद्यज्ञानले सम्पन्न हुनुहुन्छ, उत्तम वृषभ पुरूष स्थान अर्थात् सर्वज्ञ हुनुहुन्छ ॥८॥

उनी तथागतहरूले परिषद्ले बीचमा सूरवीर भई सिंहनाद गरेर लोकमा कसैले घुमाउन नसकेको महोत्तम धर्मचक्रलाई प्रवर्तन गर्नुभयो ॥९॥

ब्रह्मादिदेव मनुष्यका मार्गदर्शक उनी तथागत अठार बुद्धगुणले युक्त बत्तीस लक्षणले संयुक्त र अस्सी अनुव्यञ्जन धारण गर्नुभएका हुनुहुन्छ ॥१०॥



Downloaded from http://www.dhamma.digital

उनी तथागतहरूको रश्मी व्याम (चार/चार हात) फैलिएको र भिक्षुहरूको भन्दा उत्तम भएको तथा सर्वज्ञज्ञानलाई जानी आश्रवक्षय भई पञ्चमार विजय गर्नुभएका हुनुहुन्छन् ॥११॥

महान प्रज्ञा, महान तेज, महान बल, महान करूणावन्त तथा धैर्य उद्योग प्राप्त हुनुभई सम्पूर्ण सत्त्वलाई सुखदिने हुनुहुन्छन् ॥१२॥

सम्पूर्ण सत्त्वका द्वीप, अनाथका नाथ, प्रतिस्था, रक्षकका शरण स्थान, सेवा भक्तिको स्थान, बन्धु समान, प्राणी मात्रको हित गर्ने भण्डार र स्मरण गर्न योग्य हुनुहुन्छन् ॥१३॥

उनी तथागतहरू देवमनुष्यहरूका आधार हुनुहुन्छन् । तसर्थ मैले उनी पुरूषोत्तम तथागतका चरण शिरले सादर वन्दना गर्दछु ॥१४॥

उनी तथागतहरूलाई शयनकाल, स्थितकालमा, गमन कालमा, बसिरहेको कालमा र सर्वकालमा पनि वचन र मनद्वारा वन्दना गर्दछु ॥१५॥

उनी तथागतहरूले तिमीहरूलाई सर्वदा सुखपूर्वक रक्षा गरून् । तथागतद्वारा रक्षित तिमीहरूलाई शान्ति तथा सम्पूर्ण भयत्रासबाट मुक्त होओस् ॥१६॥

सम्पूर्ण रोग, सम्पूर्ण सन्ताप र सम्पूर्ण वैरीबाट मुक्त भएर तिमीहरूलाई शान्ति प्राप्त होओस् ॥१७॥

उनी तथागतहरूको सत्य शील क्षान्ति मैत्री बलको आनुभावले हामीहरूलाई आरोग्य र सुख प्राप्त भई उनी तथागतद्वारा हामीहरूको रक्षा होओस् ॥१८॥

पूर्व दिशामा अत्यन्त ऋद्धिवान् भूत (गन्धर्व देवता) हरू छन् । उनीहरूले पनि हामीलाई आरोग्यता र सुखपूर्वक रक्षा गरून् ॥१९॥

दक्षिण दिशामा अत्यन्त ऋद्धिवान कम्भाण्ड देवताहरू छन् । उनीहरूले पनि हामीलाई आरोग्यता र सुखपूर्वक रक्षा गरून् ॥२०॥

पश्चिम दिशामा पनि अत्यन्त ऋद्धिवान् नागहरू छन् । उनीहरूले पनि हामीलाई आरोग्यता र सुखपूर्वक रक्षा गरून् ॥२१॥

उत्तर दिशामा पनि अत्यन्त ऋद्धिवान् यक्षहरू छन् । उनीहरूले पनि हामीलाई आरोग्यता र सुखपूर्वक रक्षा गरून् ॥२२॥

पूर्व दिशाबाट घृतराष्ट्र देवराज, दक्षिण दिशाबाट बिरूढक देवराज, पश्चिम दिशाबाट विरूपाक्ष देवरा, उत्तर दिशाबाट कुवेर देवराज ॥२३॥

उनी चतुर्महाराजहरू लोकलाई पालन गर्न सपरिवार रहनु भएका छन् । उनीहरूले पनि हामीलाई आरोग्यता र सुखपूर्वक रक्षा गरून् ॥२४॥

भूमिमा वास गर्ने र आकाशमा वास गर्ने महान ऋद्धिधारी देवता र नागहरू छन् । उनीहरूले पनि हामीलाई आरोग्यता र सुखपूर्वक रक्षा गरून् ॥२५॥



Downloaded from http://www.dhamma.digital

यो बुद्धको शासनमा अनेक ऋद्धिवन्त देवताहरू छन् । उनीहरूले पनि हामीलाई आरोग्यता र सुखपूर्वक रक्षा गरून् ॥२६॥

सम्पूर्ण उपद्रव मोचन होओस्, शोक रोग पनि विनाश भएर जाओस्, ती अन्तरायहरू पनि नभै सुखी र दीर्घायु प्राप्त होस् ॥२७॥

त्रिरत्नलाई श्रद्धा राखी पूजादि सेवा वन्दना गर्नुमा उद्योग अभ्यास गरिरहेका, शीलगुणले सम्पन्न भएका र दिनहुँ वयोवृद्ध र ज्ञानवृद्धहरूलाई आदर सत्कार गर्ने अभ्यास भएका व्यक्तिलाई आयु, वर्ण, सुख, बल यी चार प्रकारको वृद्धि हुनेछ ॥२८॥

## गाथा : २

किन्नु सन्तरमानो व राहु चन्दं पमुञ्चसि संगिगरूपो आगम्म किन्नु भीतो व तिट्ठसीति सत्तधामे फले मुद्धा जीवन्तो न सुखं लभे बुद्ध गाथाभिगी तेम्हि नो चे मुञ्चैय्य चन्दिमन्ति ।

किन्नु सन्तरमानो व राहु सुरिय पमुञ्चसि संविग्गरूपो आगम्म किन्नु थीतो व तिट्ठसीतिं सत्तधामे फलेमुद्धा जीवन्तो न सुखं लभे बुद्ध गाथाभिगीतोम्हि नो चे मुञ्चैय्य सुरियन्ति ।

## अर्थ

भो राहुदेव ! तपाई शरीरले सानो हुनुहुन्छ । चन्द्रमालाई समातेर किन बस्नुहुन्छ । उहाँलाई छोडिदिनुहोस् । तपाईंको शारीरिक सुन्दरताको कमीले डराउनु भएको छ, होइन र ? म यहाँ भगवान बुद्धको गुणानुस्मरण गाथा पाठ गर्दैछु । पाठको अन्त्यसम्ममा पनि तपाईंले चन्द्रदेवलाई छोड्नु भएन भने तपाईंलाई धेरै अवगुण हुनेछ । टाउको सात टुक्रा हुनेछ र जीवनमा सुख शान्ति पाउने छैन ।

| | |
|---|---|
| मंगल दिशा | : उत्तर पूर्व दिशा |
| अमंगल दिशा | : पश्चिम दिशा |
| मंगल रंग | : पहेंलो, सेतो, क्रिम |
| अमंगल रंग | : रातो |
| परिवार रंग | : कैलो, धूवाँ रंग |
| मंगल दिन | : आईतबार, शनिबार, सोमबार |
| अमंगल दिन | : बिहीबार |



Downloaded from http://www.dhamma.digital

# केतु
# पदमासन ध्यान साधना प्रतिमा





Downloaded from http://www.dhamma.digital

# केतु
# पदमासन ध्यान साधना प्रतिमा

### मुद्राको लक्षण

दायाँ खुट्टामाथि बायाँ खुट्टा पल्टाएर बस्नुभएको र बायाँ हातमाथि दायाँ हात उत्तानो पारेर ध्यान साधनामा बसिरहनु भएको बुद्ध प्रतिमा।

### प्रवेश

चार देवदुतहरू बृद्ध व्यक्ति, विरामी व्यक्ति, लास र श्रमण भिक्षुलाई देखेर राजकुमार सिद्धार्थले २९ वर्षको उमेरमा गृहत्याग गर्नुभयो। ६ वर्षसम्मको घोर तपस्याको फलतः ३५ वर्षको उमेरमा उरूवेलावनमा बुद्धत्त्व प्राप्त गर्नु भयो। बोधिज्ञान लाभ पश्चात रतन पल्लंकमा सर्वप्रथम ७ दिनसम्म विमुक्तिसुखमा बिताउनु भयो। त्यसैगरी चौथो हप्ता रतनघर चैत्यमा पदमासनमा बसेर ध्यान गर्नुभयो। अजपाल निग्रोधमा पाँचौं हप्तमा मुचलिन्दमा पदमासन ध्यान साधना बस्नु भएर धर्मको स्मरण र विचार गर्नु भएको थियो। यसरी ती स्थानहरूमा ७/७ दिनसम्म चार आर्यसत्य एवम् प्रतित्यसमुत्पाद धर्महरूलाई विचार गरेर बस्नु भएको थियो।

शास्त्रविद्हरूका अनुसार पदमासन मुद्राको बुद्ध प्रतिमा राशीहरूको संसार चक्रको मध्यस्थान रहेको हुन्छ। यो कुनै आयु वा दोष रहितको हुन्छ। यो बुद्धमूर्ति सम्पूर्ण ग्रहसँग मिल्ने केतु ग्रह हो। त्यसैगरी अरू ग्रहहरू राम्रो नराम्रो जस्तो छ त्यसलाई पनि राम्रो जानकारी राख्ने ग्रह केतु हो। त्यसैकारण कुनै व्यक्ति आफ्नो गृह अनुसार पूजाआजा गर्दा यो पदमासन बुद्धमूर्तिलाई बिगार्नु हुँदैन।

यो पदमासन बुद्ध प्रतिमालाई मध्यस्थानमा राखेर पूजा गर्नुपर्दछ। यो गृहको शक्ति र महत्त्वको कारण नवगृहका नौजना देवहरूको सत्तामा पनि यो पदमासन बुद्धलाई पूजा गर्ने गरिन्छ। किनभने यो पदमासन बुद्ध केतु राशीमा अरू ग्रहहरू समावेश भएका हुन्छन्। त्यसैकारण बौद्ध परम्परा अनुसार घरमा ९ जना भिक्षुहरूलाई निमन्त्रणा दिएर पदमासन बुद्धको अगाडि नौ ग्रह शान्तको लागि परित्राण पाठ गर्ने चलन पनि छ।



Downloaded from http://www.dhamma.digital

**पूजा गर्ने विधि :**

१. तीन वटा धूप

२. अनुकूल दिशा वा पूर्व हेरेर महाजयमंगल गाथा ९ पटक पाठ गर्ने ।

## गाथा

महाकारूणिको नाथो, हिताय सब्बपाणीनं ।
पूरेत्वा पारमी सब्बा, पत्तो सम्बोधिमुत्तमं ॥१॥

जयन्तो बोधिया मूले, सक्यानं नन्दिवद्धनो ।
एवं तुह्यं जयो होतु, जयस्सु जयमङ्गले ॥२॥

सक्कत्वा बुद्धरतनं, ओसधं उत्तमं वरं ।
हितं देवमनुस्सानं, बुद्धतेजेन सोत्थिना ।
नस्सन्तुपद्दवा सब्बे, दुक्खा वूपसमेन्तु ते ॥३॥

सक्कत्वा धम्मरतनं, ओसधं उत्तमं वरं ।
परिलाहूपसमनं, धम्मतेजेन सोत्थिना ।
नस्सन्तुपद्दवा सब्बे, भया वूपसमेन्तु ते ॥४॥

सक्कत्वा संघरतनं, ओसधं उत्तमं वरं ।
आहुनेय्यं, पाहुनेय्यं, संघतेजेन सोत्थिना ।
नस्सन्तुपद्दवा सब्बे, रोगा वूपसमेन्तु ते ॥५॥

यं किञ्चि रतनं लोके, विज्जति विविधा पुथु ।
रतनं बुद्धसमं नत्थि, तस्मा सोत्थि भवन्तु ते ॥६॥

यं किञ्चि रतनं लोके, विज्जति विविधा पुथु ।
रतनं धम्मसमं नत्थि, तस्मा सोत्थि भवन्तु ते ॥७॥
यं किञ्चि रतनं लोके, विज्जति विविधा पुथु ।
रतनं संघसमं नत्थि, तस्मा सोत्थि भवन्तु ते ॥८॥
नत्थि मे सरणं अञ्ञं, बुद्धो मे सरणं वरं ।
एतेन सच्चवज्जेन, होतु ते जयमङ्गलं ॥९॥
नत्थि मे सरणं अञ्ञं, धम्मो मे सरणं वरं ।
एतेन सच्चवज्जेन, होतु ते जयमङ्गलं ॥१०॥



Downloaded from http://www.dhamma.digital

नत्थि मे सरणं अञ्ञं, संघो मे सरणं वरं ।
एतेन सच्चवज्जेन, होतु ते जयमङ्गलं ॥११॥
सब्बीतियो विवज्जन्तु, सब्बरोगो विनस्सतु ।
मा ते भवन्त्वन्तरायो, सुखी दीघायुको भव ॥१२॥
भवतु सब्बमङ्गलं, रक्खन्तु सब्बदेवता ।
सब्ब-धम्मानुभावेन, सदा सोत्थि भवन्तु ते ॥१४॥
भवतु सब्बमङ्गलं, रक्खन्तु सब्बदेवता ।
सब्ब-संघानुभावेन, सदा सोत्थि भवन्तु ते ॥१५॥

## अर्थ

महाकारूणिक भगवान बुद्धले सम्पूर्ण प्राणीहरूको कल्याणको निम्ति सबै पारमिता पूर्ण गर्नु भई उत्तम सम्बोधि (ज्ञान) प्राप्त गर्नुभयो । यो सत्यवचनले मलाई कल्याण होस् ॥१॥

बोधिवृक्षको मूलमा बस्नुभई जसरी शाक्यसिंह भगवान बुद्धले विजय प्राप्त गर्नुभयो, त्यस्तै मलाई जय होओस्, मङ्गल होओस् ॥२॥

उत्तम र श्रेष्ठ औषधिजस्तै हुनुभएका बुद्धरत्नको सत्कार गर्दछु । उनी देव र मनुष्यको निम्ति हितकारक हुनुहुन्छ । उनी बुद्धको तेजले कल्याणपूर्वक सबै उपद्रव नष्ट होओस् र मेरो सम्पूर्ण दुःख शान्त होओस् ॥३॥

उत्तम र श्रेष्ठ औषधिजस्तै हुनुभएका धर्मरत्नको सत्कार गर्दछु, जुन पीडा शान्त गर्ने हो । त्यो धर्मको तेजले कल्याणपूर्वक सबै उपद्रव नष्ट होओस् र मेरो सम्पूर्ण भय शान्त होओस् ॥४॥

उत्तम र श्रेष्ठ औषधिजस्तै हुनुभएका संघरत्नको सत्कार गर्दछु, जुन आह्वान योग्य र पाहुना योग्य हुनुहुन्छ । ती संघको तेजले कल्याणपूर्वक सबै उपद्रव नष्ट होओस् र मेरो सम्पूर्ण रोग शान्त होओस् ॥५॥

संसारमा विभिन्न प्रकारका जति पनि रत्नहरू छन् । बुद्धरत्न समान अरू रत्न छैन । यो सत्यवचनको प्रभावले मलाई कल्याण होओस् ॥६॥

संसारमा विभिन्न प्रकारका जति पनि रत्नहरू छन् । धर्मरत्न समान अरू रत्न छैन । यो सत्यवचनको प्रभावले मलाई कल्याण होओस् ॥७॥

संसारमा विभिन्न प्रकारका जति पनि रत्नहरू छन् । संघरत्न समान अरू रत्न छैन । यो सत्यवचनको प्रभावले मलाई कल्याण होओस् ॥८॥



Downloaded from http://www.dhamma.digital

मेरो अरू कुनै शरण छैन, बुद्ध नै मेरो उत्तम शरण हो। यो सत्यवचनको प्रभावले मलाई कल्याण होओस् ॥९॥

मेरो अरू कुनै शरण छैन, धर्म नै मेरो उत्तम शरण हो। यो सत्यवचनको प्रभावले मलाई कल्याण होओस् ॥१०॥


मेरो अरू कुनै शरण छैन, संघ नै मेरो उत्तम शरण हो। यो सत्यवचनको प्रभावले मलाई कल्याण होओस् ॥११॥

सम्पूर्ण आपत टाढा होओस्, सम्पूर्ण रोग नष्ट होओस्, मलाई विघ्न नपरोस्, सुखी र दीर्घायु होओस् ॥१२॥

सबै प्रकारको मलाई मङ्गल होओस्, सबै देवताहरूले मलाई रक्षा गरून्, सबै सम्बुद्धको आनुभावले मलाई सदा कल्याण होओस् ॥१३॥

सबै प्रकारले मलाई मङ्गल होओस्, सबै देवताहरूले मलाई रक्षा गरून्, सम्पूर्ण धर्मको आनुभावले मलाई सदा कल्याण होओस् ॥१४॥

## आठ दिशाहरूको नाम






Downloaded from http://www.dhamma.digital

# बुद्धपूजा र परित्राणको आनिशंस

मानिसहरू दैनिक आवश्यकता परिपूर्तिको लागि विभिन्न क्रियाकलापहरू गर्छन् । जीवन निर्वाह गर्नको लागि शारीरिक रूपमा मिहिनेतपूर्वक काम गर्छन् । तरपनि हामी सन्तुष्ट हुन सकेका छैनन् । मनलाई सन्तुष्ट पार्न सकेका छैनन् । आखिर किन त ? शारीरिक रूपमा सन्तुष्ट भएपनि मानसिक रूपमा सन्तुष्ट नभएसम्म कहिल्यै पूर्ण सन्तुष्ट हुन सक्दैन । सन्तुष्टि विना जीवन सार्थक हुन सक्दैन । शारीरिकका साथै मानसिक सन्तुष्टि पनि प्राप्त भएको खण्डमा जीवन सार्थक हुन्छ । त्यसैले मानसिक सुख प्राप्तिको लागि विभिन्न ठाउँका वस्तु र देवदेवीहरूको शरणमा गएर प्रार्थना गर्छन् । तर बौद्धहरू भगवान बुद्धले बताउनु भए अनुसार व्यवहार र अभ्यास गर्ने गर्दछन् । नराम्रो कामदेखि अलग्ग भएर बस्ने र कुशल कार्यहरू गर्न सदैव अग्रसर भएर बस्ने गर्दछन् । मनमा उत्पन्न अकुशल विचारहरूलाई क्षय गरेर त्यस्ता विचारहरूलाई कहिल्यै उत्पन्न नहुने गरी अन्त्य गर्ने कोशिश गर्दछन् । उत्पन्न नभएका कुशल विचारहरूलाई उत्पन्न गराउने र उत्पन्न भइसकेका विचारहरूलाई अझ वृद्धि गर्दै जाने प्रयत्न गरिराख्छन् । यसरी भित्री मनलाई शुद्ध गरी सुखशान्तिको लागि काम गर्नु बौद्धहरूको नित्यकर्म हो । यी कामहरूका साथसाथै दैनिक जीवनमा पूजापाठ गर्ने, समाधी ध्यानभावनाहरू गर्ने, बेला बखतमा भिक्षु-अनागारिकाहरूलाई घरगृहमा निमन्त्रणा गरेर पुण्य कार्य गर्ने, समय-समयमा विहारमा गएर सत्संग र धर्म साकाच्छाहरू गर्ने र भोजन, दानादि पुण्य कर्महरू बारम्बार गरी बुद्ध शासनको चिरस्थायीका कार्यहरूमा सदैव अग्रसर भई राख्नु पनि एक कर्तव्य हो । यी कार्यहरूबाट घरपरिवारमा मात्र सुख, शान्ति र समृद्धि ल्याउने नभई हाम्रो मनमा पनि सुख, शान्ति र समृद्धिका साथ मैत्रीभाव उत्पन्न हुने गर्दछ । यस प्रकार यो जन्म र पुनर्जन्ममा समेत सुख र शान्ति पाउन हेतु हुनेछ ।

# बुद्धपूजा र परित्राणको आनिसंस कथा

एक जना मानिस दिनहुँ खानेकुरा बेचेर जीवन निर्वाह गरिरहेका थिए । ती व्यापारीको श्रीमती सहित दुई जना बच्चाहरु थिए । गाउँबाट शहर आई कोठा भाडामा लिएर बसेका थिए । खान, बस्न र बच्चाहरुको पढाईको सम्पूर्ण खर्च आफू एक्लैले व्यहोर्नु पर्दथ्यो । त्यस मानिसको व्यापार बाहेक अन्य कुनै



Downloaded from http://www.dhamma.digital

आयश्रोत थिएन। प्रत्येक दिन बिहान सबेरै उठेर खानेकुरा बनाउँथ्यो र बनाएको सामान रिक्सामा राखेर बेच्न जाने गर्दथ्यो। हरेक दिन धेरै स्थानहरूमा घुमेर बेच्ने गर्दथे। यसरी बेच्दा पनि सामानहरू सदैव बाँकी हुने र खेर जाने गर्दथ्यो। कहिलेकाहिँ बेच्न नै गाह्रो हुन्थ्यो। श्रममाथि अरू श्रम थपिंदै गयो।

श्रीमती भन्छे – 'छोराको बुबा ! अर्को हप्ता कोठाको भाडा तिर्ने बेला भयो। भाडा तिर्न पैसा पुग्दैन। के गर्ने होला ?

श्रीमान् – 'हेरौं। सकेसम्म व्यापार गरेर जम्मा गरौंला।' यति भन्दै सुत्न गयो।

विहान खाना खाएर विद्यालय जाने समयमा बच्चाहरूले यस्तो भने – 'बुबा अर्को हप्ता गणितको सामग्रीको लागि विद्यालयमा पैसा तिर्नुपर्छ।' बुबा चाहिंले भन्यो – 'ठीक छ बाबु ! म तयार गरिराख्छु।

व्यापारमा प्रगति नभएको बेला खर्च माथि खर्चको भार बढ्दै गएकोले उसको मन खिन्न थियो। मन खिन्न गर्दै व्यापार गर्न घर बाहिर गयो। मनमा शान्ति थिएन। टोलाएर समुद्रको पानी हावाले हल्लाएर छाल बनाई दिए झैं मनमा विचारका तरङ्गहरूले सताउन थालेको थियो। अनुहारमा कुनै मुस्कान थिएन। यस्तो अवस्था देखेर एक जना साथीले त्रिशरण सहित पूजा गर्न सल्लाह दिए। मनलाई खिन्न पारेर बसिराख्नु भन्दा बुद्धपूजा र परित्राण पाठ गर्न सिक। परित्राण पाठलाई बारम्बार सुन्ने गर। साथीको कुरा सुनेर बिहान खानेकुरा बनाउँदा पनि परित्राण पाठ बजाउँदै मनमा कुनै प्रकारका अकुशल विचार नराखी बनाउन थाले। बिहान बेलुका केहि समय त्रिशरण सहित बुद्धपूजा र ध्यान साधनाहरू गर्न थाले। यसरी बुद्धपूजा गर्ने र निरन्तर परित्राण पाठ सुन्ने क्रममा जन्मबार अनुसारका बुद्ध प्रतिमालाई घरमा प्रतिस्थापन गरी पूजा पाठ गरेमा अझ राम्रो हुन्छ भन्ने सुन्यो। त्यहि अनुसार आफ्नो जन्मबारका मंगल बुद्धलाई घरमा प्रतिस्थापन गरी पूजाआजा गर्न थाले। केहि समयमा नै व्यापार राम्रो हुँदै गयो। घरमा पनि सुख शान्ति छायो। खानेकुराहरू पनि ग्राहकहरूले मन पराउन थाल्यो। यसरी घर परिवारमा खुशियाली आउन थाल्यो।



Downloaded from http://www.dhamma.digital

## क. बुद्ध प्रतिमा प्रतिस्थापन

सुख, शान्तिको लागि बुद्धानुस्मृतिका साथ हरेक घरमा एक बुद्धको मूर्तिलाई स्थापना गर्नुपर्दछ। बुद्धमूर्ति स्थापना गर्दा धेरै माथि पनि होइन धेरै तल जमिनमा पनि होइन, उचित स्थानमा स्थापना गर्नुपर्दछ। बुद्धमूर्ति धेरै सानो पनि हुनु हुँदैन।

१. आफ्नो जन्मबार अनुसार उपयुक्त आकारको बुद्धमूर्ति स्थापना गर्नुपर्दछ। त्यस्तो बुद्धमूर्ति नभएमा कुनै पनि मुद्राको बुद्धमूर्ति स्थापना गर्नुपर्दछ।
२. दियो र धूप बाल्ने स्थान बुद्धमूर्ति अगाडि हुनु पर्दछ।
३. पानी र अरू पदार्थले पूजा गर्ने स्थान हुनु पर्दछ।
४. घरमा पूजा कोठा भए बसेर पूजा गर्ने र ध्यान भावना गर्न योग्य भए झन राम्रो।
५. अरू बुद्ध मुद्राहरू नभएमा मारविजय मुद्रालाई स्थापना गरेमा झन राम्रो हुन्छ।
६. जन्मदिन वा महत्त्वपूर्ण दिनहरूमा विभिन्न फलफुलहरू नैवेधहरूले पूजा गर्ने।

## ख. पूजा सामानहरू

१. धूप, दिप र फूलहरू

बुद्ध धर्म अनुसार तीन धूप बाल्ने परम्परा छ। तीन धूपको अर्थ भगवान बुद्धको महाकारूणीक गुण र प्रज्ञा गुणलाई संज्ञा दिइएको छ। त्यसैले सदैव बुद्ध गुण स्मरण गरी तीनवटा धूपलाई बाल्ने गर्नु पर्दछ। अरू समयमा आफ्नो जन्म बार अनुसार धूप बाल्नु पर्दछ।

२. दियो

परम्परा अनुसार दियो दुईवटा बाल्ने गरिन्छ। जसरी दियोले अध्यारोलाई हटाई दिने गर्दछ त्यसैगरी भगवान बुद्धले देशना गर्नुभएको ८४ हजार धर्मस्कन्धहरूले अविद्याको अंध्यारोमा भुलिरहेका सत्त्वहरूलाई बाटो देखाइदिने गर्दछ। उहाँको धर्मस्कन्धलाई छोटकरीमा 'धर्म र विनय' मा विभाजित गरिएकोले दुईवटा दियो बाल्ने गर्दछ।



Downloaded from http://www.dhamma.digital

३. फूल

फूलले पूजा गर्नुको अर्थ संघलाई पूजा गरेको संज्ञा दिइएको छ। जसरी विभिन्न फूलहरूको गुच्छा सुन्दर हुने हो त्यसैगरी भगवान बुद्धको शासनमा आउने सबैजनामा समान र सबैजना मिलिजुली बसिराख्ने साझा फूलबारी झैं हो। त्यसैले फूलले पूजा गर्दा संघानुस्मृतिका साथ पूजा गर्नु पर्दछ।

४. आनिशंस

दैनिक पूजाआजा गरी दिन शुरूवात गर्ने व्यक्ति सदैव हृदयदेखि नै शान्त स्वभाव र स्वरूपको हुने गर्दछ। कुनै पनि काम गर्दा स्मृतिपूर्वक गर्ने गर्दछ। फलतः जीवनमा सुख, शान्ति ल्याउनुका साथै समृद्धि र दुःख मुक्तिको मार्गमा लम्केको हुन्छ।

भगवान बुद्धका अनुसार गौरवपूर्वक पूजाआजा गर्ने मानिसले आयु, वर्ण, सुख र बल गरी चार प्रकारको आर्शिवाद प्राप्त गर्छन्। त्यसैगरी, विभिन्न प्रकारका भय बाधाहरूबाट पनि अलग्ग हुनेछ। परित्राणको प्रभावले चारैतिरबाट आउने भए अन्तरायदेखि टाढा हुनेछ। सुत्दा आरामले सुत्न सक्नेछ। व्युझँदा पनि आरामले विना दुःखकष्ट उठ्न सकिन्छ। डरलाग्दो सपनाहरू देख्ने छैन। अमनुष्य भूत, प्रेतले सताउने छैन। मानिस र देवताहरूका प्रिय हुनेछ। बेहोसीमा मर्दैन। ध्यान भावना गर्दा समाधिमा बस्न धेरै सजिलो हुनेछ। क्लेश निर्मूल भएको छैन भने ब्रह्मलोकसम्म जन्म लिन पाउनेछ।



Downloaded from http://www.dhamma.digital

# सम्बुद्धे गाथा

सम्बुद्धे अट्ठवीसञ्च, द्वादसञ्च सहस्सके ।
पञ्चसतसहस्सानि, नमामि सिरसामहं ॥१॥

अप्पका वालुका गङ्गा, अनन्ता निब्बुता जिना ।
तेसं धम्मञ्च संघञ्च, आदरेन नमामहं ॥२॥

नमक्कारानु भावेन, हित्वा सब्बे उपद्दवे ।
अनेक अन्तरायापि, विनस्सन्तु असेसतो ॥३॥

# अर्थ

तण्हङ्करादि आठ्ठाईस बुद्ध, फेरि उहाँभन्दा अगाडि बुद्ध हुनु भएका पाँच लाख र बाव्ह हजार बुद्धहरूलाई म नमस्कार गर्छु ॥१॥

गंगाको बालुवा बरू कम हुनसक्छ । लोकमा बुद्ध हुनु भएका वयासिकले अनन्त भई सक्नुभयो । वसपोल बुद्धहरूले देशना गर्नु भएको धर्म र आर्य श्रावकहरूलाई आदरपूर्वक नमस्कार गर्छु ॥२॥

वसपोल बुद्ध, धर्म र संघहरूलाई नमस्कार गरेको पुण्यको आनुभावले सकल उपद्रव हटेर अनेक प्रकारका अन्तराय विघ्न केहि पनि बाँकी नहुने गरी विनाश भएर जाओस् ॥३॥

# पट्ठानपच्चयुद्देसपालि

१. हेतुपच्चयो
२. आरम्मणपच्चयो
३. अधिपतिपच्चयो
४. अनन्तरपच्चयो
५. समनन्तरपच्चयो
६. सहजातपच्चयो
७. अञ्ञमञ्ञपच्चयो
८. निस्सयपच्चयो
९. उपनिस्सयपच्चयो
१०. पूरेजातपच्चयो
११. पच्छाजातपच्चयो
१२. आसेवनपच्चयो
१३. कम्मपच्चयो
१४. विपाकपच्चयो
१५. आहारपच्चयो
१६. इन्द्रियपच्चयो
१७. झानपच्चयो
१८. मग्गपच्चयो
१९. सम्पयुत्तपच्चयो
२०. विप्पयुत्तपच्चयो
२१. अत्थिपच्चयो
२२. नत्थिपच्चयो
२३. विगतपच्चयो
२४. अविगतपच्चयो'ति ॥३ पटक॥



Downloaded from http://www.dhamma.digital